म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३०४ शुक्रबार ३२ जेठ २०८१ ने. सं. ११४४ तछलाथ्व 14 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक


www.sajhakuranews.com

## हाँडीखोला स्वास्थ्यचौकीलाई लायन्सको औषधि

हेटौंडा, ३१ जेठ/लायन्स क्लब अफ हेटौंडा भुटनदेवीले हाँडीखोला स्वास्थ्यचौकीलाई औषधि हस्तान्तरण गरेको छ । बिहिबार एक कार्यक्रमबीच मनहरी गाउँपालिका-३ स्थित हाँडीखोला स्वास्थ्यचौकीलाई क्लबले एक लाख रुपैयाँ बराबरको औषधि सहयोग गरेको हो । स्वास्थ्यचौकीमा बिपन्न बर्गलाई लक्षित गरी प्रेसर, मधुमेह र अन्य एन्टिबायोटिक औषधि हस्तान्तरण गरेको कार्यक्रमसंयोजक तथा २४-२५ का अध्यक्ष ध्रुबबहादुर पाण्डेले जानकारी दिए। सबै औषधि पाण्डेले नै उपलब्ध गराएका थिए । कार्यक्रममा मनहरी-३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्याल, लाइन्सका एरिया चिफ किसन घिसिङ, लायन्स क्लब भुटनदेवी सेन्टिनियलका बर्तमान अध्यक्ष नारायणलाल श्रेष्ठ, प्रथम उपाध्यक्ष रीना गौतम, मुना पाठक, तीर्थ श्रेष्ठ स्वास्थ्य शाखाप्रमुख रामचन्द्र दाहाल, चिकित्सकलगायत स्थानीय समाजसेवीको उपस्थिति रहेको थियो ।

# मकवानपुरका स्थानीय तहले संघीय सरकारबाट ४ अर्ब रुपैयाँ पाउने

साझाकुरा संवाददाता




हेटौंडा, ३१ जेठ/अन्तर सरकारी वित्तीय हस्तान्तरणअन्तर्गत संघीय सरकारबाट आगामी आर्थिक वर्ष २०८१/८२ मा मकवानपुरका १० वटा पालिकाले ४ अर्ब ४१ करोड रुपैयाँ बजेट पाउने भएका छन् ।

हेटौंडा उपमहानगर पालिकाले सबैभन्दा बढी १ अर्ब १६ करोड ५३ लाख रुपैयाँ पाउने भएको छ । हेटौंडाले संघबाट समानीकरण अनुदान २९ करोड ९८ लाख, सशर्त अनुदान ८१ करोड ७५ लाख, विशेष अनुदान १ करोड ३० लाख र ३ करोड ५० लाख समपुरक अनुदान पाउने छ । बागमती प्रदेशको एक मात्र उपमहानगर हेटौंडाले पाउने रकम गतवर्ष भन्दा घटेको बताइएको छ ।

थाहा नगरपालिकाले ४४ करोड ९० लाख रुपैयाँ बजेट पाउने भएको छ । थाहाले समानीकरण अनुदान १२ करोड २८ लाख, सशर्त अनुदान ३० करोड ६२ लाख, विशेष अनुदान र समपुरक अनुदान १/१ करोड पाउने भएको हो । थाहा नगरपालिकाले पाएको यो बजेट मकवानपुरको बकैया गाउँपालिकाले पाएको बजेट भन्दा ४ करोड ४१ लाख कम हो ।

बकैया गाउँपालिकाले ४९ करोड ३१ लाख बजेट पाएको छ । बकैयाले वित्तीय समानीकरण अनुदान ११ करोड ९१ लाख, सशर्त अनुदान ३४ करोड ५५ लाख, समपुरक अनुदान २ करोड ८५ लाख रुपैयाँ पाएको छ । यो गाउँपालिकाले विशेष अनुदान भने पाएको छैन । कैलाश गाउँपालिकाले २७ करोड ३७ लाख रुपैयाँ बजेट पाएको छ । कैलाशले वित्तीय समानीकरण अनुदान ९ करोड ४ लाख, सशर्त अनुदान १७ करोड ६८ लाख र समपुरक अनुदान ६५ लाख पाएको छ । कैलाशले पनि विशेष अनुदान पाएको छैन ।

बागमती गाउँपालिकाले ४२ करोड ५ लाख रुपैयाँ पाएको छ । बागमतीले वित्तीय समानीकरण अनुदान १० करोड ४९ लाख, सशर्त अनुदान ३१ करोड १६ लाख, विशेष अनुदान ५० लाख पाएको छ भने समपुरक अनुदानबाट बागमती गाउँपालिका वञ्चित भएको छ । भीमफेदी गाउँपालिकाले ३९ करोड ५ लाख बजेट पाएको छ । समानीकरणतर्फ भीमफेदीले ९ करोड ९२ लाख, सशर्त अनुदान २६ करोड ७३ लाख, विशेष अनुदान १ करोड र समपुरक अनुदान १ करोड ४० लाख रुपैयाँ पाएको छ ।

मकवानपुरगढी गाउँपालिकाले ३४ करोड ५ लाख बजेट पाएको छ । मकवानपुरगढीले वित्तीय समानीकरण अनुदान ९ करोड ८२ लाख, सशर्त अनुदान २३ करोड ७३ लाख, विशेष अनुदान ५० लाख रुपैयाँ पाएको छ भने समपुरक अनुदान पाएको छैन । मनहरी गाउँपालिकाले ३५ करोड २८ लाख रुपैयाँ बजेट पाएको छ । मनहरीले समानीकरण अनुदान १२ करोड ३७ लाख, सशर्त अनुदान २१ करोड ९१ लाख र समपुरक अनुदान १ करोड पाएको छ । मनहरीले विशेष अनुदान प्राप्त गरेको छैन ।

राक्सिराङ गाउँपालिकाले २९ करोड ३८ लाख बजेट पाएको छ । राक्सिराङले समानीकरण अनुदान ९ करोड ४४ लाख पाएको छ भने सशर्त अनुदान १९ करोड ४४ लाख पाएको छ । विशेष अनुदान ५० लाख पाएको राक्सिराङले समपुरक अनुदान पाएको छैन । मकवानपुरका स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारले चालुतर्फ ३ अर्ब ९७ करोड ९१ लाख र पुँजीगत ४२ करोड ८१ लाख बजेट पठाएको हो । मकवानपुरमा सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाले २२ करोड ८० लाख रुपैयाँ पाउने भएको छ । इन्द्रसरोवरले वित्तीय समानीकरण तर्फ ७ करोड २६ लाख, सशर्त अनुदान १२ करोड ८४ लाख, विशेष अनुदान १ करोड २० लाख र समपुरक अनुदान १ करोड ५० लाख बजेट पाउने भएको हो ।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ मा ७५३ स्थानीय तहका लागि विभिन्न प्रकारको अनुदानवापत ३ खर्ब १२ अर्ब ४२ करोड ६१ लाख रुपैयाँ पठाएको छ । यसमध्ये महानगर पालिकामा ११ अर्ब ७३ करोड ५ लाख, उपमहानरपालिकामा ११ अर्ब ६३ करोड ९२ लाख र नगर पालिकामा १ खर्ब ४२ अर्ब ५२ करोड रुपैयाँ र गाउँपालिकामा १ खर्ब ४६ अर्ब ५२ करोड रुपैयाँ विनियोजन गरेको छ ।

स्थानीय तहमा जाने अनुदानमध्ये वित्तीय समानीकरण अनुदान कुल ८८ अर्ब रुपैयाँ रहेको छ । सशर्त अनुदान २ खर्ब ८ अर्ब रुपैयाँ रहेको छ । विशेष अनुदान ८ खर्ब ४० अर्ब र समपुरक अनुदान ७ अर्ब रुपैयाँ जाने अर्थ मन्त्रालयले जनाएको छ । समानीकरण अनुदानतर्फ महानगरमा २ अर्ब ५५ करोड, उपमहानगरमा ३ अर्ब १४ करोड, नगरपालिकामा ३८ अर्ब ४२ करोड र गाउँपालिकामा ४३ अर्ब ८८ करोड रुपैयाँ पठाएको छ ।

# राष्ट्रिय परिचयपत्रका लागि दुई पालिकामा दर्ताशिबिर

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/जिल्ला प्रशासन कार्यालय मकवानपुरले सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने जेष्ठनागरिक र अपाङ्गता भएका लाभग्राहीको लागि दुई पालिकामा राष्ट्रिय परिचयपत्र विवरण दर्ता विशेष शिविर संचालन गरेको छ ।

जिल्ला प्रशासनले मकवानपुरका ९ वटा पालिकासँगको समन्वयमा पालिकाको केन्द्रमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता विशेष शिविर संचालन गर्न लागेको हो । मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले दिएको जानकारी अनुसार हिजो बुधबारदेखि बागमती गाउँपालिकामा र आज बिहीबारदेखि राक्सिराङ गाउँपालिकामा दर्ता शिबिर सुरु भएको हो ।

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउन जिल्ला प्रशासन कार्यालयमा भीड लाग्न थालेपछि प्रशासनले सेवाग्राहीको सहजताका लागि पालिकाको केन्द्रमा परिचयपत्रको विवरण दर्ता गर्ने टोली खटाउने निर्णय गरेको थियो । नेपाल सरकारले आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा भत्ताको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउनेको भीड बढेको हो ।

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउन विशेषत: ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिले सास्ती पाएका छन् । शारीरिक रुपमा अशक्त बनिसकेका ज्येष्ठ नागरिकले परिचयपत्रको लागि विवरण दर्ता गराउन दिनभर लाइन बस्नुपर्दा कष्ट भोग्न बाध्य भएका हुन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरमा लाइन बस्ने क्रममा बुधबार र बिहीबार एक/एक जना जेष्ठनागरिक बेहोस् भएका थिए । लाइनमै बेहोस् भएपछि उनीहरुलाई हेटौंडा अस्पताल पुऱ्याइएको थियो ।

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउनको लागि जिल्लाका दुर्गम क्षेत्रका व्यक्तिले कार्यालय आउँदा निकै कष्ट ब्यहोर्नु परेकोले विवरण दर्ताको लागि पालिकाको केन्द्रमा नै टोली पठाउन लागेको प्रजिअ चिलुवालले बताए । राष्ट्रिय परिचयपत्रको विवरण दर्ताको लागि २ वटा टोली खटाइएको छ । गाउँपालिकामा ४ दिन र थाहा नगरमा ६ दिन शिबिर संचालन हुनेछ ।

# गाउँलेको पौरखबाट देउरालीमा मोटर पुऱ्याइयो




साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ कैलाश गाउँपालिका-४ देउरालीका स्थानीयले आफ्नै लगानीमा अढाई किलोमिटर नयाँ ट्रयाक खनेर गाउँमा मोटरबाटो पुऱ्याएका छन् । अढाइ किलोमिटर पुरानो ट्रयाकलाई स्तरीकरण गर्ने र अढाई किलोमिटर नयाँ ट्रयाक खन्ने काम स्थानीयकै सक्रियतामा भएको हो ।

राक्सिराङ गाउँपालिकाको लावती-गर्खाल-चम्पाखानी ग्रामीण सडक स्तरोन्नति तथा नयाँ ट्रयाक खन्ने कार्यको लागि ४४ जना सहयोगी ब्यक्तिबाट २ लाख ७५ हजार रुपैयाँ चन्दा उठाइएको थियो । स्थानीय देउराली सामुदायिक संस्थाबाट ५ लाख ७३ हजार रुपैयाँ आर्थिक सहयोग भएको थियो । स्थानीयले जनश्रमदान अन्तर्गत २ लाख ६१ हजार ६ सय रुपैयाँ बराबरको श्रमदान गरेका थिए ।

राक्सिराङ गाउँपालिकाले १३ घण्टा मेसिन नि:शुल्क उपलब्ध गराएको, कैलाश गाउँपालिकाले ५ सय लिटर डिजल सहयोग गरेको र लालीगुराँस सिमेन्ट उद्योगको लिक्चे खानीबाट १४ घन्टा ब्रेकर मेसिन उपलब्ध गराई सहयोग गरेका थिए । कुल ११ लाख ९ हजार ६ सय रुपैयाँको लागतमा ५ किलोमिटर बाटो खन्ने तथा स्तरोन्नति गरी स्थानीयले आफ्नै लगानीमा गाउँमा मोटर पुऱ्याएका हुन् ।

समितिका अध्यक्ष केशव मुक्तानको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा कैलाश गाउँपालिका पूर्वअध्यक्ष टंकबहादुर मुक्तानले जनताको आवश्यकता के हो ? भन्ने कुरा नेतृत्वले बुझ्नुपर्ने बताए । बढी रकम सहयोग गर्ने देउराली सामुदायिक संस्थाका अध्यक्ष रामसिंह थिङको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा राक्सिराङ गाउँपालिका ३ नम्बर वडाका पूर्ववडाध्यक्ष बाबुलाल स्याङ्तान, स्थानीय अगुवा बिष्णुलाल चेपाङ लगायतले सडक खन्दा आएको समस्या तथा आगामी दिनमा सडकलाई स्तरीकरण गर्नका लागि सबैले सहयोग गर्नुपर्ने बताए ।

# गाउँपालिका अध्यक्षको परिवारलाई सहयोग

साझाकुरा संवाददाता



हेटौंडा, ३१ जेठ/ मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानको परिवारलाई स्थानीयले सहयोग गरेका छन् । अध्यक्ष स्याङ्तानको मकवानपुर गढी-३ घमिलेस्थित घरमा मंगलबार विद्युत सर्ट भएका कारण आगलागी भएर घर जलेर नष्ट भएको थियो ।

आगोलाग्दा घरमा भएका करिव ५० मुरी खाद्यान्न र लत्ताकपडा सम्पूर्ण वस्तुहरु जलेर नष्ट भएको थियो । दिउँसोको समयमा आगोलाग्दा मानवीय र पशुचौपाय क्षति भने भएन । अध्यक्ष स्याङ्तानको घरको माथिल्लो भाग जलेर पूर्णरुपमा नष्ट भएको थियो । गाउँपालिकाभित्र सक्रिय रहेको युवा व्यवसायीको समूह जी एण्ड स्टार ग्रुपले बुधबार स्याङ्तान परिवारलाई नगद सहित जिन्सी सामग्री सहयोग गरेको हो ।

६८ हजार बराबरको लत्ताकपडा, खाद्यान्न र नगद ३२ हजार अध्यक्ष स्याङ्तानका श्रीमती सोममाया स्याङ्तानलाई हस्तान्तरण गरिएको ग्रुपका अध्यक्ष प्रतिमान रुम्बाले बताए । काठपात र जस्तापाताले निर्माण गरिएको पुर्ख्यौली घर जलेर नष्ट भयो, अध्यक्ष स्याङ्तानले भने । खेतीकिसानी गरी वर्षभरि खाने अनाज मकै, धान, कोदोलगायत अन्न जल्यो, अन्नसँगै आफ्नो पैत्रिक सम्पति जल्दा मन रोएको छ, अध्यक्ष स्याङ्तानले बताए ।

लोक सेवा आयोग

बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा

विशेष नयाँ कक्षा

- शान्त तथा स्वच्छ वातावरण
- दक्ष तथा अनुभवी शिक्षक
- हरेक हप्ता Model Test
- Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# छुट्टीमा बालबालिका

अत्यधिक गर्मी बढेर जनजीवन अस्तव्यस्त भएपछि हेटौंडा उपमहानगर पालिकाले जेठ ३१ गते बिहीबार र ३२ गते शुक्रबार शिक्षण संस्थामा दुई दिनका लागि विदा दिएको छ । बढ्दो गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भन्दै अभिभावकले बिदा दिन अनुरोध गरेपछि हेटौंडा उपमहानगरपालिकाले जेठ ३१ र ३२ गते सामुदायिक र संस्थागत विद्यालय बन्द रहने निर्णय गरेको हो । बिदाको समयमा बालबालिकालाई अभिभावकले घरमा निगरानी गर्ने, उनीहरुलाई जीवनउपयोगी सीप सिकाउने, परम्परागत कुराहरु, सामाजिक, सांस्कृतिक कुरामा अभिरुची बढाउने कुरामा अधिकांश अभिभावकको चासो छैन । बालबालिका केवल मोवाइलमा झुण्डिएका छन् । विद्यालय खुलेपछि तिनै अभिभावक घरमा आफ्ना नानीबाबुले मोवाइल मात्रै चलाएर बसेको सिकायत पुऱ्याउँछन् । बुधबार हेटौंडा उपमहानगर शिक्षा निर्देशक सीताराम कोइरालाले सूचना जारी गर्दै अत्यधिक गर्मीका कारण विद्यार्थी विरामी परेको तथा पठनपाठनमा असहजता भएकाले केही समय विद्यालय बन्द गर्न जनप्रतिनिधि, विद्यालय तथा अभिभावकबाट अनुरोध आएपछि वर्षे विदाबाट कट्टा हुनेगरी जेठ ३१ र ३२ गते विद्यालय बन्द रहने जानकारी दिएका छन् ।

मनहरी गाउँपालिकामा भने बिहानी कक्षा संचालन गरिएको छ । सोमबार गाउँ शिक्षा समितिले विद्यालयको परिस्थिति हेरेर निर्णय गर्ने अधिकार विद्यालय ब्यवस्थापन समितिलाई दिने निर्णय गरेको थियो । अधिकांश विद्यालयले बुधबारदेखि अर्को ब्यवस्था नभएसम्मका लागि विहानी कक्षा संचालन गर्ने निर्णय गरेका छन् । मनहरी-४ वडा कार्यालयले बिहानी कक्षा संचालन गर्न विद्यालयलाई पत्राचार गरेपछि बुधबारबाट बिहान ६ बजेदेखि ११ बजेसम्म कक्षा संचालन गरिएको छ । मकवानपुरको थाहा नगरपालिका, भीमफेदी, ईन्द्रसरोवर, कैलाश, मकवानपुरगढी, राक्सिराङ्लगायत गाउँपालिकाले दिउँसोको समयमा नै कक्षा संचालन भइरहेको छ । मकवानपुरको माथिल्लो भेगमा गर्मी धेरै हुँदैन । मनहरी, हेटौंडा, बकैया र बागमती चारवटा पालिकामा अधिक गर्मी हुने गरेको छ । यसैगरी बकैया-५ ले पनि वर्षेबिदाबाट कट्टा हुनेगरी जेठ ३१ र ३२ गते दुई दिन विद्यालय छुट्टी दिने निर्णय गरेको छ । बकैया गाउँपालिका ५ नं. वडाले सूचना प्रकाशन गरी गर्मी चर्को भएका कारण विद्यालयमा पठनपाठन गर्न गराउन असहज भएकोले वर्षेबिदामा मिलान गर्ने गरी हाललाई २ दिन विद्यालय बिदा गर्ने जानकारी दिएको छ । मकवानपुरको धेरै गर्मी हुने बागमती, बकैया, मनहरी गाउँपालिका र हेटौंडा नगरपालिका हो ।

२०७२ को बिनाशकारी भुकम्प पछिका दिनमा विद्यालय भवन राम्रो बनेको भएपनि विद्युत नियमित हुन नसक्दा विद्यालयमा पठनपाठनमा समस्या हुने गरेको छ । कतिपय विद्यालयमा विद्युत सुबिधा उपलब्ध हुन सकेको छैन । भएका कतिपय विद्यालयले विद्युत महशुल बुझाउन नसकेका कारण लाइन काटिएको अवस्था छ । विद्युत सुबिधा उपलब्ध भएका विद्यालयमा पनि एउटा कक्षा कोठामा बढीमा दुईवटा पंखा राखिएका कारण पर्याप्त हुन सकेको छैन । शिक्षक दर्बन्दी अभावका कारण एउटै कक्षामा धेरै विद्यार्थी राखेर पढाउनु पर्दा पंखाले खासै काम नगर्ने शिक्षकहरुले बताएका छन् । चर्को गर्मीका कारण कक्षाकोठामा शिक्षक र विद्यार्थी पस्नै नसक्ने अवस्था रहेको छ । कक्षाकोठा सेलाउन पाएको छैन । लगातार तातिरहेका कारण समस्या भएको बताइएको छ । बिहानैदेखि चर्को घाम लाग्ने र दिनभर कक्षाकोठामा पनि आलस्य हुने अवस्था रहेको विद्यार्थीहरुले बताएका छन् । मनहरी गाउँपालिकाले विहानी कक्षा संचालन गर्ने अधिकार विद्यालयलाई नै दिएपछि विद्यालयहरु बिहानको समयमा खुल्न थालेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १ गते शनिबार १५ जुन २०२४ । नवमी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५९ । असार संक्रान्ति

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नयाँ काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# कायरहरु भुक्छन्, बहादुरहरु संघर्षमै होमिन्छन्



मुक्तिबन्धु

वि.सं. २०३८/०३९ मा नेपाल राष्ट्रिय शिक्षक संगठनले चलाएको देशव्यापी शिक्षक संघर्षका बेलाको एउटा घटना सन्दर्भवश यहाँ उल्लेख गर्न चाहन्छु । त्यति बेलाको गण्डकी अञ्चलअन्तर्गतको एउटा जिल्लामा शिक्षक संघर्षका क्रममा आयोजित एउटा आमसभामा एकजना काङ्ग्रेसी शिक्षकले सभाको एकछेउमा उभिएर चर्को आवाजमा राष्ट्रिय शिक्षक संगठनका विरुद्ध विविध आरोप लगाए ।

आरोप सर्वथा गलत थियो र उपस्थित शिक्षकहरुले ती शिक्षकलाई विक्षिप्तजस्तै ठानेर बेवास्ता गरिरहेका थिए । यसै बीच सभाका मञ्चमा सम्मान पाएर बसेमध्येका त्यसै जिल्लाका हट्टकट्टा खाइलाग्दा व्यक्तित्वका एक शिक्षक कुर्सीबाट जुरुक्क उठेर पाखुरा सुर्कंदै के-के न गर्छु जसरी कराउन थाले- 'साथी हो, यस पागललाई म ठाउँका ठाउँ ठीक पार्छु । संगठनमाथिको यो यस्तो आरोप म सहन सक्दिन । मेरो शरीर जाज्वल्यमान भयो । अब म त्यसलाई समातेर पछार्छु । लातका लात भकुर्छु । साथी हो, मलाई समात । समात साथी हो ! मलाई समातेनौ भने यहाँ अनर्थ हुन सक्छ । मलाई समात !'

मञ्चमा बसेका सबै प्रतिष्ठित शिक्षकहरु र सम्मानित अतिथिसमेतले ती पाखुरा सुर्केर कराउँदै गरेका शिक्षकलाई मुसुमुसु हाँस्दै हेरे । कोही अघि सरेर समातेनन् । २-३ मिनट कराएपछि शून्य सहनशीलताका ती आक्रामक शिक्षक कालो-नीलो अनुहार पारेर अघि बसेको कुर्सीमा गएर थपक्क बसे । सभा पुन: आफ्नो गतिमा सञ्चालन भयो । त्यति बेला यस घटनाले राष्ट्रिय चर्चा पाएको थियो । उत्ताउलो र हुतिहारा हाँक कतै कसैको सुनियो भने शिक्षकहरु त्यो दृष्टान्त दिन्थे र भन्थे- 'कायरहरु भुक्छन्, बहादुरले तत्काल कठालो समात्छ ।'

अहिलेको यो खोल्छूँ खोल्छूँ प्रसंग लगभग त्यस्तै हो । तर पनि आजको राजनीतिक तथा कर्मचारी वृत्तमा यसैबाट आतंकित हुनेहरु पनि छन् । 'लौ न के गर्ने ? त्यो त्यहाँ पुगेको नयाँ मान्छेले त खोल्छूँ भन्छ ! खोलुँ-खोलुँजस्तो पनि गर्छ । फ्यास्स खोल्दिन के बेर ! खोलेपछि त खोलिहाल्यो नि !' 'हैन, कसको के खोल्ने ? उसको खोल्ने कि हाम्रो खोल्ने ? महाभारतमा राजसभाका बीच दु:शासनले रानी द्रौपदीको सारी खोल्याथ्यो हैन ?' 'अँ खोल्याथ्यो । अनि के भो त ?'

'अनि के भो ? त्यो पनि सोध्ने कुरा हो ? दुनियाँका अगाडि निर्वस्त्र भएपछि अनि के भो ? मुख देखाएर हिँड्न नहुने भो । अरु के भो ?'

'मुख देखाएर हिँड्न नहुने भए जे खोल्यो त्यही देखाएर हिँड्ने नि ! भ्रष्ट भइसकिएपछि अब केको लाज ? रहयो सभाको कुरो । यहाँ सभा पनि छैन, द्रौपदी पनि छैनन् । दु:शासनले यहाँ कसको के खोल्छ ? आफ्नै कन्धनी छिन्लाजस्तो छ । त्यस्ताले कसको के खोल्छ । जे खोल्छ आफ्नै खोल्छ । कन्धनी नै चुँडिएपछि सबै छरपस्ट । जे खुल्छ अब दु:शासनकै पनि खुल्छ ।'

'फेरि पनि खोल्छूँ ? खोल्छूँ ? भन्यो । आज पनि भेट्नेबित्तिकै भन्यो । कति मात्तिएको होला ? लौ न के गर्ने ?'

'के खोल्छूँ भन्यो ?'

'फाइल खोल्छूँ ? भन्यो ।'

'फाइल भनेको त्यसको बाउको लगौंटी हो ? कि त्यसकै लगौंटी हो ?'

'फाइल भनेको हाम्रो पनि लगौंटी हो । प्रत्यक्ष र प्रतिपक्षमा रहेका हामी सब भ्रष्टहरुको लँगौटी हो ।' 'त्यसो भए मुलुकका ठूलाबडाजति आज फाइलकै लगौंटी लगाएर बस्या छन् ?'

'खै के हो, के हो ? फाइलले ठूलाबडाको लँगौटी लाएको हो कि, ठूलाबडाले फाइलको लँगौटी लगाएको हो । हिजोआज जहाँ जे कुरामा झगडा परे पनि एकले अर्काको फाइल खोल्छूँ भन्छ ।'

यी आज समाजमा यत्रतत्र सुनिने संवादहरु हुन् । 'बिचराहरु कति दीनहीन र दु:खी छन् । फाइल खुल्ला कि भन्ने डरले रातरातभरि निदाउँदैनन् । निदाउने तालसुर मिल्ला कि भनेर कहिले दिल्ली, कहिले टोकियो र कहिले वासिङ्गटन पनि पुगेका छन् । जसरी पनि कमाउने दुर्व्यसनले सिट्ठन भएका बिचरा निशाचर-निशाचरीहरु बल्लतल्ल आँखा लाग्दा सपनामा पनि झस्कन्छन् र खोल्यो-खोल्यो भन्दै जुरुक्क उठ्छन् ।'

'यिनका तमाम करतुतहरुको फाइल त खोल्नै पर्ने हो । तर एउटा सिसाघरेले अर्को सिसाघरेलाई ढुङ्गा हान्न सक्छ र भन्या ? आफू सिसाघरे नरहेको भए र निर्दोष एवम् निर्भीक मुटुको देशभक्त नेपाली रहन सकेको भए ठाउँमा पुगेकै दिनबाट एक-एक बदमासहरुको फाइल खोल्थ्यो । खोल्छूँ-खोल्छूँ भनिरहँदैनथ्यो ।'

जनताबीच यस्ता टिप्पणीहरु पनि सुनिन्छन् । आजका नेपाली जनता हिजोका जस्ता छैनन् । हरेक दृष्टिले सचेत बनिसकेका छन् । 'भुक्ने कुकुर टोक्दैन, टोक्ने कुक्कुर भुक्दैन । कायर बढी कराउँछ । शूरवीर बढी बोल्दैन । शूराको त काम बोल्छ ।' यो आम नेपालीको परम्परागत अनुभवको अभिव्यक्ति हो ।

'अब यो फाइलकाजीले फेरि पनि खोल्छूँ ? भन्यो भने र भ्रष्ट बडाकाजीहरुले ल खोल्दे । अहिल्यै यत्ति बेलै खोल्दे भनेर नाइटो देखाइदिए भने ? कुइँ-कुइँ गर्दै टाङमुनि पुच्छर लुकाएर भाग्ने त हैन ?' 'भागेन भने ? खोलेर तिनका टाउकामा पिसाब गरिदियो भने ? अथवा तिनका टाउकोमा टुक्रुक्क बसेर अजीर्ण छेरी नै दियो भने । त्यो बीभत्स रस कुन नाकले थाम्ने ?' कति भ्रष्टहरु डराएका पनि छन् ।

त्यसरी भ्रष्ट बडाकाजीहरुको टाउकाकै दोहोलो काढ्न त सगरमाथाजत्तिकै उच्च नैतिक बल हुनुपर्छ । दाह्री भएर पुग्दैन, इमानदारी हुनुपर्छ, समझदारी हुनुपर्छ, बफादारी हुनुपर्छ, बहादुरी पनि हुनुपर्छ । आफ्ना लाजमर्नु करतुतका फाइल लुकाउन अरुका फाइल खोल्छूँ ? खोल्छूँ ? भन्नेले के खोल्छ ? बित्यास पर्दा शौचालयको खापा पनि खोल्न सक्दैन भन्नेहरु पनि छन् । यसले जति चुरीफुरी गरे पनि फाइल समाती बस्ने हातहरु आफ्नै मान्छेका छन् । तिनीहरु स्वयम् भ्रष्ट हुन् र तिनले ज्यान गए पनि फाइल खुल्न दिँदैनन् भनेर ढुक्क हुने भ्रष्ट बडाकाजीहरु धेरै छन् । देश जनताको नियति अझै यतैतिर अल्झिएको छ कि जस्तो पनि लाग्छ ।

हो, गल्ती गरिआएकाहरुलाई डर लाग्छ । जो गल्ती गरिआएको छैन र यथार्थ द्रष्टा पनि छ, उसलाई डर लाग्दैन । उसले त अगाडिको दृश्य हेर्छ । नाटक हो कि यथार्थ हो, त्यो हेर्छ । नियालेर हेर्नेले देख्छ- खाली बोतल लिएर खोल्छूँ भन्नेकै हातमा पो छ बिर्को ? अहिले जसले खोल्छूँ-खोल्छूँ भनिरहेको छ, ऊ स्वयम् एक खाली बोतल त होइन ? गम्भीर अवलोकनले देखाउँछ, जसले चुरीफुरीका साथ खोल्छूँ-खोल्छूँको अभिनय गरिरहेको छ ऊ स्वयम् एक खाली बोतल हो, सन्जोगवश अहिले ऊ आफैँ उखानतुक्काका हातमा परेको छ । बोतललाई रित्तो र निरर्थक देखाइदिन र आफ्नो वर्चश्व बढाउन उखानतुक्काले दह्रो किसिमले सामनीति प्रयोग गरेको छ । उखानतुक्कामा लामो अनुभव छ । दूरदर्शिता छ । चाहिनेभन्दा बढी चलाखी पनि छ । धीर गम्भीर खेलाडी मानसिकता लिएर बोतलसँग खेलिरहेको छ उखानतुक्का । बिचरो बोतल आफैँ निरीह छ । प्रतिक्षण ऊ आफैँ निरर्थकतामा खुल्दै र छ्याङ्ग हुँदै आएको छ । आफैँ अर्काका हातमा परेको बिचरो बोतलले कसको के खोल्छ ? सर्पका मुखमा परेको भानुभक्तको भ्यागुतोले अगाडि आकाशमा उडिरहेको डाँस समातेर खान खोजेजस्तै विरह लाग्दो विडम्बना पनि हो यो । जो यो खोल्दे सिमसिम नाटकमा सम्मिलित छन् ती त अभिनेता हुन् । अभिनयमै तल्लीन छन् । बुझेर नबुझेर, जानेर नजानेर अभिनयमै तल्लीन छन् । कहाँ के हुँदै छ, त्यसको थाहा समेट्ने त दर्शकहरुले हो ।

राम्रा दर्शकहरु अलि भावुक बढी छन् । भावुकता पुराण-श्रोताहरुलाई काम लाग्ला, वर्तमानका द्रष्टाहरुलाई त विवेकशीलता काम लाग्छ । आजको विकसित परिवेशमा जाबो एक्सरे मेसिनले जति पनि काम गर्न नसक्ने आँखा के आँखा ?

कति मानिसहरु आज तथ्यबोधको साधनामा पनि छन् । 'सिरोहियाजस्तो बहुआयामिक शक्ति जुक्तिको खतरनाक मकर मत्स्यलाई यति फितलो आरोपको चयन किन ? आरोप चयनमै पनि उखानतुक्काको करामत त छैन ? नचिनेका भ्रष्ट बडाकाजी त होइनन् नि । हुन् र ?' यसरी प्रश्न गर्नेहरु पनि छन् नेपाली समाजमा ।

राजनीतिक व्यवहारका दृष्टिले हेर्दा बिर्सन नहुने खाँटी कुरा के पनि छ भने, 'यं विनिन्दन्ति राजान: यं विनिन्दन्ति तस्करा: । बान्धक्या: यं विनिन्दन्ति स पार्थ पुरुषोत्तम: ।' अर्थात् सत्ता राजनीति गर्नेहरु, तस्करहरु, मोल पाएपछि जसको पनि हुन सक्ने बिकाउ चरित्रका व्यक्तिहरु, जसको जमेर निन्दा गर्छन् ती असल मान्छे प्राय: असल नै हुन्छन् । -महाभारत अनुशासनपर्व ।

नेपालमा नेपाली काङ्ग्रेसले जसको विरोध गर्छ, त्यो असल मान्छे हुनुपर्छ । जसको काङ्ग्रेसले प्रशंसा गर्छ, समर्थन गर्छ, त्यो खराब मान्छे हुनुपर्छ । खराब मान्छेको काङ्ग्रेसले विरोध गर्दैन, समर्थन गर्छ । इतिहाससिद्ध यस कोणबाट हेर्दा आज चर्चामा आएकामध्ये को-कति के हो दूधको दूध पानीको पानी छुट्टिएको हेर्न अझ केही दिन पर्खनुपर्ला कि ?

हुन त 'खोल्छूँ-खोल्छूँ' र 'खोल्ला कि ?' 'खोल्ला कि ?' दुवै एउटै विषवृक्षका विभिन्न हाँगाहरु हुन् । भूमिका नाटकीय हो र निर्देशकको सोचअनुसार आवश्यकता देखिए यूँ परिवर्तन हुन पनि सक्छ । सबै हाँगाहरु सत्ता प्राप्ति र भोगचलनका पक्षधरहरु हुन् । देश जनताका लागि यिनमा फुल्ने, फल्ने 'बिखै' हो । आजका दिनमा जनताका लागि त अवस्था परवर्तनको भूलभुलैया होइन, व्यवस्था परिवर्तनको आवश्यकता हो । टड्कारो आवश्यकता हो । यसैले- 'विषवृक्षोपि सम्वर्ध्य स्वयम् छेत्तुमसाम्प्रतम् । अर्थात् बिखकै बोट पनि उमारेर हुर्काएपछि आफैँले उखेल्नु-ढाल्नु मनासिब हुँदैन ।'

देश जनता खाइपचाइ आएका सत्तासीनहरुले परम्परागत शोषण, दमनको यथास्थिति कायम राख्नकै निमित्त जनताबीच फिँजाउँदै आएको निक्खरा अन्धविश्वास हो यो । अब हामी नेपाली जनताले यस्ता अन्धविश्वासहरुविरुद्ध हातहातमा बन्चरो लिएर जऱ्याकजुरुक उठ्नुपर्छ र शुभ कार्यमा प्रवृत्त हुनुपर्छ । बेला भइसकेको छ । जतिखेर ब्यूँझियो, त्यतिखेर बिहानी ।

*(साभार: नेपाल समाचार-पत्र)*

# गणतन्त्रको विकासमा न्यायपालिकाको भूमिका

खिमानन्द ज्ञवाली

जनताबाट निर्वाचित राष्ट्राध्यक्ष सहितको जनप्रतिनिधिहरूबाट सञ्चालन गरिने शासन पद्धतिलाई गणतन्त्र भनिन्छ । नेपालमा वि.स. २०६५ जेठ १५ गतेदेखि गणतन्त्रको स्थापना भएको हो ।

नेपालको संविधान २०७२ ले जनतालाई ३१ वटा मौलिक हकहरूले सुसुजित गराउँदै शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका छुट्टाछुटै कार्यहरूको निर्धारण गरेको छ । संविधानले शक्ति सन्तुलनको अवधारणासमेतलाई पालना गर्दै सरकारका एक अंगले गरेको कार्यलाई अर्को अंगले नियन्त्रण गर्दै तीन वटै अंगहरूबीच शक्तिको सन्तुलन राख्ने प्रयास गरेको छ । न्यायपालिकाले आफ्नो न्याय सम्पादनको कार्यका साथै अन्य अंगका कार्यलाई समेत नियन्त्रण गर्न सक्दछ ।

**गणतन्त्र र नेपाल**

नेपालको इतिहास आन्दोलन नै आन्दोलन एंव संधर्षै संघर्षले भरिएको सर्वविधितै छ । २००७ सालको आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०६२/०६३ को जनआन्दोलनहरू आम नेपाली जनताले अधिकार प्राप्तिका लागि गरेका महत्वपूर्ण आन्दोलनहरू हुन् । अधिकार प्राप्तिका लागि गरिएका यी आन्दोलनमा सयौं नेपालीहरूले शाहदत प्राप्त गरेका छन् । हुनत २००७ सालदेखि नै नेपाली जनताहरू गणतन्त्रको बाटोमा आन्दोलन गरेतापनि २०६२/०६३ को आन्दोलनको परिणाम स्वरूप नेपालमा २०६५ जेठ १५ गते व्यवस्थापिका संसद्बाट राजतन्त्र हटेको र गणतन्त्र स्थापना भएको घोषणा भएको हो ।

यो क्षण आम नेपाली जनताका लागि अन्त्यन्तै खुशीयाली पूर्ण र आशावादी थियो । लाखौं गरिबीले पिल्सिएका नेपाली जनताहरूले अब राज्यमा हाम्रो पनि स्थान सुरक्षित हुन्छ र हामी पनि न्याय प्राप्त गरी राज्यका सम्मानित नागरिक हुन्छौं भनी आशा गरेको यथार्थतालाई कदापी नकार्न सकिँदैन ।

सबै नेपालीले ठूलो आशा गरे कि गणतन्त्रको स्थापना पश्चात सम्पूर्ण समस्याको समाधान हुन्छ । हुन पनि हो नेपालमा झरीका च्याउझैं उम्रिएका राजनीतिक दलका नेताहरूले जनतालाई यही आश्वासन बाँड्न पुगे । गणतन्त्रको स्थापनापछि राजनीतिक दलहरूले नेपाली जनताहरूलाई संविधान बने पश्चात सबै जनताहरूका समस्याहरू पूर्ण रुपमा समाधान हुन्छन र नेपालमा समानता हुन्छ । २०६४ मा भएको संविधानसभाको निर्वाचनबाट नयाँ संविधानको लेखन सम्भव नभएपछि, २०७० मा दोस्रो संविधान सभाको निर्वाचन भयो र सो संविधानसभाबाट संविधान लेखनको कार्य सम्पन्न भई वि.सं. २०७२ असोज ३ गतेबाट नयाँ संविधानको कार्यान्वयनसमेत भएको छ ।

नयाँ संविधानबाट नेपाली जनताले बास्तवमा समानता, पूर्ण स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति, न्याय, शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी, विकास, सामाजिक न्याय, संवैधानिक उपचार जस्ता विविध कुराहरू जो सहज जीवनयापनका लागि अत्यावश्यक हुन्छन् त्यसको प्रत्याभूति खोजी रहेका छन् । गणतन्त्रको मर्मअनुसार राज्य सत्ता पनि स्थापना भएको छ । जनताको प्रतिनिधि राष्ट्रको सर्वोच्च पद राष्ट्राध्यक्षमा निर्वाचित भई कार्यभार सम्हाली रहेको अवस्था छ । जनप्रतिनिधिहरूबाट दुई सदनात्मक व्ययवस्थापिकाको स्थापना भएको छ ।

संघीयताको माध्यमले सात प्रदेशमा व्यवस्थापिका र कार्यपालिकाको स्थापना भएको छ । ७५३ स्थानिय तहमा समेत व्यवस्थापिका र कार्यपालिका स्वरुपहरू खडा भई कार्य सञ्चालन भइरहेको अवस्था छ । समग्र रुपमा भन्दा राज्यको पूर्नसंरचना भएको छ ।

साथै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत गरी न्यायको प्रत्याभूति गर्न तीन तहका अदालतहरू स्थापना भएका छन् । साथै अर्धन्यायिक निकायहरू र स्थानीय तहमा स्थानीय न्यायीक समितिबाट पनि न्यायिक कार्यहरू सम्पादन भइरहेको अवस्था छ ।

हाल नेपालमा राज्यको पुर्नसंरचना भई राज्यमा कार्य गर्ने अंग तथा निकायहरूमा कमी छैन । तापनि नेपाली जनताहरूले राहत र न्यायको प्रत्याभूति गर्न पाएको अवस्था देखिँदैन । ठूलो आशा र भरोसाबाट स्थापना भएको गणतन्त्रले जनताहरूलाई खासै भरोसा दिन नसकेपछि हालै नेपाली जनतामा नैराश्यता छाएको छ ।

गणतन्त्रमा राजनीतिक अस्थिरताको कारणले गर्दा राज्यका श्रोत साधनको चरम दुरुपयोग भइरहेको अवस्था विद्यमान छ । विकासका लागि योजना बनाउने, गरिबी निवारण गर्ने र सामाजिक न्याय दिलाउने कार्यमा भन्दा राजनीतिक दलहरू पद, प्रतिष्ठा र कुर्चीका लागि तँछाडमँछाड गरेको देख्दा नेपाली जनताहरू 'जुन जोगी आएपनि कानै चिरेको' भनी महसुस गर्न बाध्य छन् ।

**गणतन्त्र र न्यायपालिका**

राज्यको समृद्धिमा व्यवस्थापिका र कार्यपालिकाको जे जस्तो भूमिका छ न्यायपालिकाको भूमिका पनि कमी छैन । यदि राज्यमा न्याय मर्छ भने जनतामा नत विकासको प्रत्याभूति हुन्छ नत सामाजिक न्यायको नै । तसर्थ यस संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालमा जनताको शान्ति सुशासन विकास र समृद्धिको आकांक्षा पुरा गर्न न्यायपालिकाको महत्वपूर्ण भूमिका रहेको कुरामा दुई मत छैन ।

नेपालको न्याय सम्बन्धी अधिकार संविधान अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत न्यायिक निकायबाट प्रयोग गरिन्छ । सर्वोच्च अदालत अभिलेख अदालतको रुपमा रहेको छ भने अन्य अदालतहरू आम नागरिकलाई न्याय प्रदान गर्ने गरिरहेका छन् । नेपालमा गणतन्त्रको विकासमा न्यायपालिकाले ठूलो भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ ।

**न्यायपालिकाको भूमिका**

- मौलिक हकको प्रत्याभूतिको लागि कानून निर्माण गरी कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी गर्नुपर्ने ।
- राज्यका सम्पूर्ण गतिविधिहरूमा न्यायिक सक्रियता देखाउनुपर्ने ।
- सार्वजनिक सम्पतिको संरक्षणका लागि सार्वजनिक सरोकार विवादका मुद्दाहरू छिटोछरितो न्याय सम्पादन गर्नुपर्ने ।
- राज्यका नीति एवं सिद्धान्तको कार्यान्वयनका लागि सरकारलाई अभिप्रेरित गर्नुपर्ने ।
- संवैधानिक इजलासको प्रयोगलाई प्रभावकारी बनाउनुपर्ने ।
- राज्यमा बनेका कानूनहरूको अध्ययन अनुसन्धान गरी संघ, प्रदेश र स्थानिय तहका कानूनहरूको निर्माणमा प्रभावकारीता विकास गनुपर्ने ।
- राज्यका अन्य अंगहरूले गरेका गैर संवैधानिक र गैर कानूनी कार्यको न्यायिक पुनरावलोकन गरी ती अंगहरूलाई संविधान बमोजिम हिँडाउनुपर्ने ।
- नेपाल न्याय सेवाका कर्मचारीहरूको र नेपाल बार अन्तर्गतका अधिवक्ताहरूको क्षमता अभिवृद्धि गर्न ठोस योजना निर्माण गर्नुपर्ने ।
- सरकारी वकिल र नेपाल बार एसोसिएसनसँग सुमधुर सम्बन्ध स्थापना गरी न्यायिक प्रक्रियालाई थप प्रभावकारी बनाउनुपर्ने ।
- न्यायिक प्रक्रिया अनुमानयोग्य र पारदर्शी बनाउनुपर्ने ।
- फैसला कार्यान्वयनको कार्यलाई जोड दिँदै दण्ड र सजायलाई थप प्रभावकारी बनाउनुपर्ने ।
- कानूनको अध्ययन र अनुसन्धानलाई थप प्रभावकारी बनाउनुपर्ने ।
- न्यायाधीशको नियुक्ति प्रक्रियालाई पारदर्शी बनाई न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउनुपर्ने ।
- अर्धन्यायिक निकाय र स्थानीय न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन अनुगमन तथा निरिक्षणको कार्य प्रभावकारी रुपमा गर्नुपर्ने
- न्याय सम्पादनको कार्यलाई शीघ्र, दक्ष, पारदर्शी र प्रभावकारी बनाउनुपर्ने ।
- राज्यमा राजनीतिक स्थायित्व कायम गरी राज्यका संघीय प्रदेश र स्थानीय तहको प्रभावकारिता वृद्धि गर्नुपर्ने ।
- सक्षम बार र मर्यादित कानून व्यवसायीको निर्माण तथा उत्पादनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने ।

**निष्कर्ष**

यसप्रकार, संवैधानिक सर्वोच्चता, कानूनको शासन, विकास र समृद्धिलाई सर्वोपरी स्थान दिएर जारी भएको हाम्रो संविधानले संवैधानिक परिधीभित्र रहेर जनताको अभिमतद्वारा शासन पद्धति र संवैधानिक अभ्यासमा परिमार्जन गर्ने उद्देश्य अनुरुप संविधानको विकाश र नविनतम संवैधानिक विधिशास्त्रको माध्यमबाट संविधानलाई अझ मजबुत, परिपक्क र उद्देश्यमुलक बनाउन न्यायपालिकाको महत्वपूर्ण भूमिका रहने कुरामा कुनै सन्देह छैन ।

भनिन्छ संविधान तत्कालिन समाजको चेतनाको प्रतिबिम्ब हो । जब तत्कालिन समाजको चेतनास्तरमा परिवर्तन आउँछ तब संवैधानिक विकास सुधार र परिमार्जनको आवश्यकताको महसुस हुन्छ । यसर्थ गणतन्त्र हालको समाजको चेतनाको स्तर हो । यस्को विकासमा न्यायपालिकाले सर्वोपरी भूमिका खेल्नु पर्दछ ।

नेपालमा न्यायपालिकाले महत्वपूर्ण भूमिका खेल्न सकेन भने पक्कै पनि यो गणतन्त्रको विरुवा सप्रिने कुरामा ठूलो सन्देह देखिन्छ ।

*(साभार: ई-कागज)*

# सुन तस्करीको कारोबारमा डिजिटल वालेटको प्रयोग

काठमाडौं । तस्करी र हुण्डीको अवैध कारोबारमा नेपालका केही डिजिटल वालेट प्रयोग भएको प्रमाण प्रहरीले फेला पारेको छ । ६० किलो ६१७ ग्राम सुन तस्करीको घटना अनुसन्धानका क्रममा प्रहरीले पक्राउ गरेका व्यक्तिबाट तस्करीको कारोबारमा डिजिटल वालेटको प्रयोग भएको केही प्रमाण फेला पारेको हो ।

सरकारले गठन गरेको सुन तस्करी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका क्रममा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले हाल १० जनालाई हिरासतमा लिएर अनुसन्धान गरिरहेको छ । जसमध्ये ४ भारतीय, ५ नेपाली र १ चिनियाँ नागरिक छन् ।




भारत गुजरातका बैजनाथ महादत्त योयल, भारतकै प्रशान्त गणेश वजवलकर, भारत महाराष्ट्रका सिद्धार्थ भनिने सिद्धनाथ अशोक गायकवाड र महाराष्ट्रकै दिनेश भनिने धिरज दिने वैट छन् ।

त्यसैगरी नेपालीहरुमा काभ्रेका कान्छामान (थर्कमान) तामाङ, पर्सा वीरगञ्जका ५२ वर्षीय सुरेन्द्रमान श्रेष्ठ, भक्तपुर सूर्यविनायकका राजु खत्री र धादिङ सिद्धलेकका प्रेमनाथ सेढाईं छन् । बौद्ध बस्दै आएका चिनियाँ नागरिक गंगा टासी पनि अहिले सीआईबीको हिरासतमा छन् ।

भारतीय नागरिक सिद्धनाथको मोबाइलमा भएका विवरण फरेन्सिक प्रयोगशालाबाट रिकभर गर्दा सिद्धनाथको मोबाइलमा करिब २ मिनेटको एउटा अडियो भेटिएको थियो । उक्त अडियोमा 'पैसा युएसडी (क्रिप्टो) मा हाल्नु नसके पेवेलमा हाल्नू' भनिएको थियो ।

ह्वाट्स एपमा पेवेल नेपालको खातामा रकम जम्मा गरेको भौचर समेत भेटिएपछि सुन तस्करी गरी त्यसको पैसा पेवेलमार्फत कारोबार हुने गरेको आशंकामा सीआईबीले थप अनुसन्धान अघि बढायो । सिद्धार्थलाई पेवेलमा रकम हाल्न लगाउने व्यक्ति पिन्टु भनिने भारतीय नागरिक अभिजित तानाजी मोलिक रहेको र उनले काठमाडौंकै न्यूरोडमा सुनचाँदी रिफाइनरी हाउस सञ्चालन गरेको पनि सीआईबीले पत्ता लगाएको छ ।

त्यसपछि सीआईबीको टोलीले २३ वैशाखमा पिन्टुको पसलमा छापा मारेको थियो । सिद्धार्थ पक्राउ परेको जानकारी पाइसकेपछि पिन्टु रिफाइनरी हाउस बन्द गरेर फरार भइसकेका थिए । सीआईबीले सुनचाँदी रिफाइनरी हाउसबाट पेवलको खातामा जम्मा गरेको १ अर्ब रुपैयाँ बराबरको भौचर बरामद गरेको छ । त्यस क्रममा प्रहरीले सजिलो पेबाट कारोबार भएको पनि प्रमाण भेटेको थियो ।

'मोबाइलमा अडियो र भौचर भेटिएपछि तस्करीको सुनको कारोबार प्रक्रियाबारे केही आशंका गरेका थियौं । तर पिन्टुको रिफाइनरी हाउसमा अर्ब बराबरको भौचर भेटिएपछि सुन र हुण्डीको धन्दामा दुई वटा वालेट जोडिएको भेटियो', सीआईबीका एक अधिकारीले भने । सुन र हुण्डीको अवैध कारोबार गरेको भेटिएपछि नेपाल राष्ट्र बैंकले पेवेल र सजिलो पेको कारोबार २१ जेठमै रोक्का गरेको छ ।

छापा हान्नुअघि सीआईबीले पक्राउ गरेका भारतीय नागरिक सिद्धार्थ, प्रशान्त, धिरज र नेपाली नागरिक राजुको मोबाइलमा पेवेलको खातामा रकम जम्मा गरेको भौचर भेटिएको थियो । धिरजको मोबाइलबाट ५ करोड ४१, सिद्धार्थको मोबाइलबाट ५ करोड, राजुको मोबाइलबाट १ करोड पेवलमा जम्मा गरेको भौचर भेटिएको थियो । हाल हिरासतमा रहेका ८ जनाबाट पेवेलको खातामा जम्मा १ अर्ब जम्मा भएको भेटिएको सीआईबीका अनुसन्धान अधिकृत बताउँछन् । भौचर नभेटिए पनि धिरजले मात्रै ३३ करोड ८६ लाख रुपैयाँ पेवेलमा हालेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

तस्करीको सुनको कारोबार, हुण्डी र क्रिप्टोमा पेवेल र सजिलो वालेट जोडिएपछि २५ जेठमा यी कम्पनीका ६ जनालाई सीआईबीले पक्राउ गरेको थियो । पेवेलका अध्यक्ष भीमप्रसाद तिमिल्सिना, कर्मचारीहरु प्रज्वल आचार्य र सुरज जबरा पक्राउ परे । सीइओ सतेन्द्र श्रेष्ठ फरार छन् । सजिलो पेका सञ्चालक सुनिल जाकीबञ्जा, कार्यकारी प्रमुख कश्यप मानन्धर र अथुकछाक खम्पा पक्राउ परे । सजिलो पेका अध्यक्ष फुन्सुक डाग्पा अथुकछाङ खम्पा भने फरार छन् । उनीहरुमाथि सीआईबीले हुण्डी, सुन तस्करी, तथा क्रिप्टोसँग जोडेर राष्ट्र बैंक ऐन अन्तर्गतको कसुर, भन्सार छली तथा चोरी पैठारी र संगठित अपराधको कसुरमा अनुसन्धान गरिएको सीआईबीका एआईजी श्यामलाल ज्ञवालीले बताए ।

पेवेलका नाममा रकम हाल्न लगाउने भारतीय नागरिक पिन्टुविरुद्ध भने डिफ्युजन नोटिसका लागि प्रक्रिया अघि बढाइएको सीआईबीले स्रोतले जानकारी दियो । विभिन्न देशबाट भित्रिएको तस्करीको सुन खरिद-बिक्री गर्ने र पेवेलमार्फत अवैध कारोबार गर्ने मुख्य व्यक्ति पिन्टु रहेको सीआईबीको दाबी छ ।

### पेवेलबाट एकै जनाको ३ अर्ब ३४ करोडको कारोबार

पेवेलका एजेन्ट बुटवल स्थित जेके मनि ट्रान्सफरका सञ्चालक लालबहादुर कुँवरले गरेको ३ अर्ब ३४ करोडको कारोबारमा आशंका गर्दै सीआईबीले उनलाई पक्राउ गरेको छ । हेर्दा सामान्य देखिने र वैध कारोबार पनि न्यून रहेको उक्त मनि ट्रान्सफरले एक वर्ष अवधिमा झण्डै साढे ३ अर्बको कारोबार गरेको पाइएको सीआईबी स्रोतले जानकारी दियो ।

### १ वर्षमा ८२ अर्बको कारोबार

सीआईबीको अनुसन्धानका क्रममा पेवेलले २७ अप्रिल २०२३ देखि हालसम्म करिब एक वर्ष अवधिमा ८२ अर्बको कारोबार गरेको फेला परेको छ । जसमा ६१ अर्ब ५० करोड रुपैयाँ नगद जम्मा भएको छ, जसमध्ये १ अर्बको त भौचर नै भेटिएको छ ।

कनेक्ट आईपीएस मार्फत ४ अर्बको कारोबार भएको छ । डिजिटल वालेटमा मोबाइलबाटै फण्ड ट्रान्सफर नभएर भौचरमार्फत रकम जम्मा नै शंकास्पद देखिएको सीआईबीको बुझाइ छ । हिरासतमा रहेका धिरजले मात्रै ३३ करोड ८६ लाख रुपैयाँ पेवेलमा हालेको भेटिएको छ । भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०८० मा उल्लेख भएअनुसार बैंक खाताबाट वालेटमा प्रतिदिन २ लाख वा एक महिनामा जम्मा १० लाख रुपैयाँ मात्रै जम्मा गर्न सकिन्छ ।

प्रति महिना १० लाखकै दरले सिद्धार्थले एक वर्षमा बढीमा १ करोड २० लाख मात्रै पेवेल वालेटमा जम्मा गर्न सक्छन् । तर त्यस विपरीत एकै व्यक्तिबाट एक वर्षमा झण्डै ३४ करोड रुपैयाँ पेवेलमा हालिएको भेटिएको छ ।

### कसरी भयो वालेटमार्फत अवैध कारोबार ?

तस्करीबाट नेपाल आएको सुनको भुक्तानी र विदेशबाट पठाउने रेमिट्यान्सको भुक्तानीमा वालेट जोडिएको सीआईबीको अनुसन्धानले देखाएको छ ।

विशेषगरी दुई तरिकाले वालेटको सेटलमेन्ट र अपरेशनल खातामा रकम जम्मा गर्न लगाएर हुण्डी कारोबार गर्ने र मनि लाउण्डरिङ गर्ने गरेको खुलेको छ । तस्करीको सुन कोही व्यक्तिले किनेपछि त्यसको भुक्तानी वापतको रकम सोझै यी दुई वालेटको बैंक खातामा जम्मा गर्ने गरेको पाइएको छ ।

त्यसपछि पेवेलका एजेन्टलाई जम्मा गरेको भौचर पठाइन्छ । एजेन्टलाई भौचर साट्न मिल्ने सुविधा हुन्छ । राष्ट्र बैंकको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०८० मा एजेन्टमार्फत गरिने वालेट कारोबारको सम्बन्धमा उल्लेख छ । 'वालेटमा ग्राहकले सम्बन्धित भुक्तानी सेवा प्रदायकबाट नियुक्त आधिकारिक एजेन्टमार्फत प्रतिदिन २५ हजार रुपैयाँसम्म र प्रतिमहिना १ लाखसम्म नगद जम्मा गर्न सक्नेछन्' उक्त निर्देशनमा भनिएको छ ।

यसको अर्थ अरु कुनै बैंकमा खाता नभएका व्यक्तिले आफ्नो पेवेल वालेटमा रकम टपअप गर्न चाहे एजेन्टमार्फत गरुन् भनेर राखिएको हो । तर त्यसैको फाइदा उठाउँदै प्रतिदिन २५ हजार होइन करोड रुपैयाँ जम्मा हुने गरेको भेटिएको छ । पेवेलको नेपालमा १९ सय एजेन्ट छन् । ती मध्ये २० एजेन्टले तस्करीको सुन खरिद बापतको भुक्तानी अवैध तरिकाले पेवेलको खातामा सोझै जम्मा गरेर एजेन्टमार्फत कारोबार गरेको देखाएको सीआईबीको भनाइ छ ।

तस्करीको सुन खरिदबाट जम्मा भएको रकम अब पेवेलका एजेन्टले विदेशबाट नेपालमा पैसा पठाएका व्यक्तिको खातामा ट्रान्सफर गर्दिन्छन् । 'यहाँ विदेशबाट आउने पैसा आएको हुँदैन । तस्करीको सुन बेचेर पेवेलमार्फत भुक्तानी गरेर पेवेलकै एजेन्टमार्फत त्यो रकम विदेशबाट पठाउने नेपालीको खातामा जम्मा हुन्छ । विदेशबाट पठाएको पैसा उतैबाट फेरि सुन किन्ने ठाउँसम्म पुगेको देखिन्छ', सीआईबीका एआईजी ज्ञवालीले भने ।

यही शैलीमा काम गरेको आरोपमा जेके मनि ट्रान्सफरका कुँवर पक्राउ परेका हुन् । विशेषगरी दुबई, कोरिया र अष्ट्रेलियाबाट पठाएको रकममा यो शैली प्रयोग गरेको सीआईबीको भनाइ छ ।

अर्कोतर्फ वालेटको अपरेसनल खाता प्रयोग गरेर काम गरेको देखिन्छ । अपरेसनल खाता कार्यालयको दैनिक खर्च, तलबभत्ता, फर्निचरका लागि प्रयोग गर्ने उद्देश्यले खोलिएको हुन्छ । त्यो खातामा पेवेलमा कुनै न कुनै रुपमा जोडिएका व्यक्तिले मात्रै रकम जम्मा गर्नु वैध मानिन्छ । तर पेवेलसँग सम्बन्धित नै नभएका व्यक्तिहरुबाट समेत अपरेसनल खातामा रकम जम्मा भएको भेटिएको सीआईबीको भनाइ छ ।

### ८ करोडको इ-मनि हुदा २५ लाखको रिपोर्टिङ

पेवेलले आफ्नो सेटलमेन्ट बैंक कुमारी बैंकलाई गलत रिपोर्टिङ गरेको पनि पाइएको छ । इ-मनीको कम दर देखाएर गलत रिपोर्टिङ गरेको पाइएको राष्ट्र बैंकका एक कर्मचारीले बताए । २१ जेठमा पेवेलको खाता राष्ट्र बैंकले रोक्का गरेको छ ।

त्यतिबेला पेवेलको ८ करोडको इ-मनि अर्थात टोटल युजरको रकम ८ करोड देखिएको थियो । दैनिक कारोबारबारे सेटलमेन्ट बैंकलाई वालेटहरुले जानकारी गराउनुपर्छ । तर पेवेलले कुमारी बैंकलाई जानकारी गराउँदा ८ करोडको नगरी जम्मा २५ लाखको रिपोर्टिङ गरेको पाइएको राष्ट्र बैंकका एक कर्मचारीले संचारकर्मीलाई सुनाए ।

बढीको कारोबार हुँदाहुँदै कमको रिपोर्टिङ गरेपछि सेटलमेन्ट बैंकमा पेवेलले कम रकम राख्ने सुविधा पाउँछ । ग्राहकको रकम नफसोस् भनेर जतिको इ-मनि छ सोही बराबरको रकम सेटलमेन्ट बैंकमा वालेट कम्पनीले राख्नुपर्ने हुन्छ । तर पेवेलले बढीको कारोबार हुँदाहुँदै कमको देखाएर कम रकम राख्ने गरेको पाइएको छ ।

इ-मनी अर्थात वालेटमा देखाउने रकमबारे बैंक नभएर वालेट कम्पनीको मात्रै भूमिका हुन्छ । वालेटमा रकम देखाउने/नदेखाउने वा कति रकम देखाउने भन्नेमा पनि पेवेलले चलखेल गरेको सीआईबीका एक अनुसन्धान अधिकारी बताउँछन् । धेरै बिजनेस दिने केही व्यक्तिको वालेटमा रकम नहुँदासमेत पेवेलले वालेटमा इ-मनी बनाइदिएको पाइएको सीआईबीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# दशैंमा थपिन सक्छ विराजको '१२ गाउँ'



काठमाडौं/नेपाली फिल्म रिलिजका लागि दशैं सबैभन्दा उपयुक्त मानिन्छ । लामो विदा हुने भएकाले त्यसको फाइदा फिल्मको व्यापारमा पर्ने विश्वास निर्माताहरुमा छ । यसैले हरेक वर्षको दशैंमा फिल्म रिलिज गर्न निकै ठूलो माथापच्ची हुने गरेको पाइन्छ । यस वर्ष दशैंको विदा हडप्न पनि र स्साकस्सी सुरु भइसकेको छ । 'छक्का पञ्जा ५'देखि 'बेहुली फ्रम मेघौली'सम्मले दशैं 'रिजर्भ' गरेर बसेका छन् ।

यस वर्षको दशैंमा अर्को ठूलो फिल्म पनि आउन सक्ने सम्भावना देखिएको छ । यतिबेला छायांकन भइरहेको अभिनेता विराज भट्ट निर्देशित फिल्म '१२ गाउँ'लाई दशैंमा ल्याउने प्रयास भइरहेको स्रोतले जानकारी गराएको छ । यसका लागि विराजले दशैंको कुन दिन फिल्म ल्याउने भन्ने विषयमा वितरकसँग छलफल गरिरहेका छन् । छायांकन सकिएकै दिन रिलिज घोषणा उनको तयारी छ ।

निर्माणको तयारीमा रहेको निर्देशक तथा निर्माता सन्तोष सेनको फिल्म 'बलिदान' यस वर्षको दशैंमा आउने सम्भावना नदेखिएपछि विराजले '१२ गाउँ' हाल्न लागेका हुन् । तर, उनी कुनै नेपाली फिलमसँग भिड्ने मनस्थितिमा नरहेको स्रोत बताउँछ । 'छक्का पञ्जा ५'ले फूलपाती रोजिसकेकाले विराज अब घटस्थापना अथवा टीकाको दिनमध्ये एउटामा फिल्म रिलिज गर्ने सोचमा देखिएका छन् ।

तर, 'बेहुली फ्रम मेघौली'ले ठूलो अन्योल सृजना गरेको छ । किनभने, यो फिल्मले दशैं मात्र भनेर बसेको छ । यकिन मिति तोकेको छैन । यसले गर्दा पनि विराज अन्योलमा छन् । र, दशैंमा नवीन चौहानको निर्देशनमा तयार भइरहेको फिल्म 'ऊनको स्वीटर' पनि आउने सम्भावना प्रबल रहेको चर्चा छ । यो हुँदा दशैंमा फिल्म रिलिजको व्यवस्थापन गर्न निर्माता/वितरकलाई ठूलै सकस पर्नेछ ।

# २७ वर्षपछि सनीलाई लिएर 'बोर्डर'को सिक्वेल बन्दै

काठमाडौं/गत वर्ष आएको फिल्म 'गदर २'ले अभिनेता सनी देओलको संकटग्रस्थ करिअरलाई ठूलै राहत दियो । यो फिल्मले भारतमा मात्र ५ सय करोड कमाएको थियो । अब सनीको अर्को पुरानो ब्लकबस्टर फिल्म 'बोर्डर'को पनि सिक्वेल बन्ने भएको छ । बिहीबार टिजर भिडियोमार्फत फिल्मको निर्माण घोषणा गरिएको हो । टिजरमा 'बोर्डर २'लाई 'भारतको सबैभन्दा ठूलो वार फिल्म' भनिएको छ ।




१३ जुन, १९९७ मा 'बोर्डर' प्रदर्शन भएको थियो । यसमा सनीसहित ज्याकी श्राफ, सुनील शेट्टी, अक्षय खन्ना जस्ता कलाकार थिए । यो फिल्म रिलिजको २७ वर्ष पुगेको अवसरमा सिक्वेल घोषणा गरिएको हो । 'बोर्डर २'मा सनीकै मुख्य भूमिका रहनेछ भने बाँकी कलाकारको बारेमा जानकारी गराइएको छैन । जीपी दत्तासहितको टिमले निर्माण गर्ने फिल्मको निर्देशन अनुराग सिंहले गर्नेछन् ।

इन्स्टाग्राममा टिजर भिडियो सेअर गर्दै सनी लेख्छन्, 'एक फौजी आफ्नो २७ वर्ष पुरानो वाचा पूरा गर्न आइरहेको छ फेरि ।' उनले 'बोर्डर'मा मेजर कुलदीपको भूमिका निभाएका थिए । १० करोडमा बनेको फिल्मले भारतमा मात्र ६५ करोडमाथिको कमाई गरेको थियो । 'गदर २'ले पाएको सफलता हेर्दा 'बोर्डर २'ले पनि भारतीय बक्सअफिसमा रेकर्ड बनाउन सक्ने सम्भावना बलियो देखिन्छ ।

'ब्याक टू ब्याक' फिल्म 'फ्लप' हुँदा सनी संकटमा थिए । तर, 'गदर २'ले उनको करिअरलाई नै पूर्नजीवन दियो । यतिबेला उनलाई फिल्म प्रस्तावको ओइरो छ । 'बोर्डर २'सहित अहिले उनीसँग अरु केही फिल्म पनि छन् । यतिबेला फिल्म 'लाहोर'को छायांकनमा व्यस्त रहेका उनले यसपछि 'रावायण' र 'गदर ३'मा काम गर्नेछन् । 'रावायण'मा उनी हनुमानको भूमिकामा देखिने जनाइएको छ ।

# 'बाटो' प्रिमियर : 'प्राविधिक रुपमा अब्बल फिल्म'




काठमाडौं/ट्रेलर सार्वजनिक भएसँगै चर्चामा आएको फिल्म 'बाटो : रोड टु डेथ' यही शुक्रबारबाट प्रदर्शनमा आउने तयारीमा छ । तर, निर्माण टिमले फिल्मको प्रचारमा भने ध्यान दिएको छैन । यसको असर व्यापारमा पर्नसक्ने देखिन्छ । यद्यपि, निर्माण टिमले प्रदर्शनको पूर्वसन्ध्यामा बुधबार ललितपुरस्थित लबिम मलमा प्रिमियर भने आयोजना गर्‍यो । जहाँ फिल्मलाई राम्रो तारिफ मिल्यो ।

विशेषगरी फिल्मको प्राविधिक पक्षको प्रशंसा भएको छ । निर्देशक ज्ञानेन्द्र देउजाले प्राविधिक रुपमा फिल्म उत्कृष्ट बनेको बताए । उनले भने, 'प्राविधिक रुपमा यो फिल्म उत्कृष्ट छ । सिनहरु एकदमै डर लाग्दो छ । थ्रिल मन पराउनेलाई यो फिल्म उपयुक्त छ ।' अर्का निर्देशक दिनेश डिसीले फिल्ममा प्रयोग गरिएको 'एफपीभी' (ड्रोन रेसिङ) अद्भूत रहेको भन्दै फिल्म उत्कृष्ट बनेको बताए ।

कलाकार राजाराम पौडेलले पनि फिल्मको प्राविधिक पक्षको प्रशंसा गरे । 'अहिलेसम्म नेपालमा बनेका फिल्ममध्ये यो एकदमै नयाँ जनराको छ,' उनी भने, 'यो फिल्म टेक्निकली रुपमा अब्बल छ । र, निर्देशकले हरेक कलाकारबाट निचोरेर काम निकाल्नुभएको छ ।' त्यस्तै, अभिनेता दिव्यदेवले फिल्ममा निर्देशकले बेग्लै संसार निर्माण गरेको बताउँदै दर्शकहरुलाई मनपर्ने विश्वास व्यक्त गरे ।

नेपालीसहित तमिल, तेलुगु र हिन्दी गरी चार भाषामा बनेको यो फिल्मका लेखक, सम्पादक तथा निर्देशक मदन थापाले प्रिमियरमा प्राप्त प्रतिक्रियाले आफूलाई उत्साह थपेको बताए । उनले भने, 'नेपाली फिल्मको स्ट्याण्डर्डलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने मेरो चाहना हो । आजकाल फिल्ममेकरभन्दा पनि दर्शक निकै अगाडि हुनुहुन्छ । त्यसकारण पनि हामीले फिल्म उत्कृष्ट बनाउनुपर्छ ।'

मिथिला शर्मा, आशान्त शर्मा, सुलक्षण भारती, रक्षा थापा, उत्पल झा, पशुपति राई, राजेन थापा, आभास अधिकारी, किरण शाही, गणेश उपाध्याय लगायतको अभिनय रहेको फिल्मका निर्माता चन्दन झा हुन् । दक्षिण भारतीय फिल्मका शरण ऋषिले छायांकन गरेको यो फिल्म करिब २ वर्ष अगाडि नै तयार भइसकेको थियो । फिल्मको प्राविधिक काम धेरैजसो दक्षिण भारतमा भएको हो ।

# अनलाइनबाटै बीउबिजन प्रमाणीकरण हुन थालेपछि किसानलाई सहज

चितवन/अनलाइन प्रणालीबाट बीउबिजन प्रमाणीकरण हुन थालेपछि यहाँका बीउ उत्पादक किसानलाई सहज भएको छ । बागमती प्रदेश सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालय कृषि विकास निर्देशनालय बीउबिजन प्रयोगशाला हेटौंडाअन्तर्गत रहेको प्रयोगशालाले अनलाइन प्रणालीबाट प्रमाणीकरणको प्रक्रिया सुरु गर्न थालेपछि किसानलाई विभिन्न प्रक्रियामा सहज भएको हो ।

प्रयोगशालाका प्रमुख राजन ढकालले अनलाइन सूचना प्रणालीको विकास गरेपछि कृषक कार्यालय नै आउनुपर्ने बाध्यता हटेको बताए । उनले प्रयोगशालामार्फत बीउबिजनको गुणस्तर नियमन खाद्य बाली निरीक्षण, नमूना सङ्कलन, नमूनाको प्रयोगशाला परीक्षण र बीउ प्रमाणीकरणलगायतका काम हुने बताए । उनले यी विभिन्न प्रक्रियाका लागि किसानले घरबाटै अनलाइन फारम भरेर काम अगाडि बढाउन सक्ने बताए ।

उनका अनुसार अनलाइन मार्फत सम्पर्क नम्बर र ठेगानाबाट नै कार्यालयले बीउ उत्पादकलाई सम्पर्क गर्छ । प्रणालीमार्फत प्रतिवेदन पनि तयार हुन्छ । उनले भने, 'किसान कार्यालयसम्म आउनु पर्दैन र हामीलाई फिल्डमा जान पनि थप सहज हुन्छ', उनले कुनै पनि बाली उत्पादन वृद्धिका लागि गुणस्तरयुक्त बीउको ठूलो भूमिका रहने बताए ।

भरतपुर महानगर पालिका-१४ पटिहानीका हिसान एवं उन्नत बिज वृद्धि कृषक समूहका अध्यक्ष उमनाथ पौडेलले किसानका लागि सरकारी स्तरबाट दिइएको अहिलेसम्मकै राम्रो सेवा अनलाइन प्रणाली भएको बताए । पहिले हातले भरेर आफैं उपस्थित भई बुझाउनुपर्ने फारम अहिले अनलाइनबाट हुँदा निकै सहज भएको उनले बताए ।

उनले भने, 'बीउका प्रतिवेदन र रिपोर्ट यहींबाट भरेर पठाउँछौं, हेटौंडासम्म पुग्नु पर्दैन, यो समयको बचत र प्रविधिको उच्चतम प्रयोग हो ।'

उनले अनलाइनमा फारम भर्नका लागि पहिले प्रयोगशालाका कर्मचारीले सिकाएको र आजकाल आफूहरूले नै भरेर पठाउने गरेको तथा त्यसपछि प्रयोगशालाका कर्मचारी फिल्ड रिपोर्टका लागि मात्र आउने बताए । उनको कृषक समूहबाट विगत दुई दशकयता वार्षिक १२ देखि १३ सय मेट्रिक टनसम्म धान, मकै, गहुँ र तोरीलगायतका बीउ उत्पादन हुन्छ । उनी भन्छन्, 'आजकालको अनलाइन प्रणालीले काम गर्न र बीउ बिक्री वितरणमा निकै सजिलो भएको छ ।'

भरतपुर-२१ मा रहेको साइपाल बिज वृद्धि कम्पनी प्रालिका पुण्यप्रसाद अधिकारीले आफूहरुले सुरुआती चरणदेखि नै यो सेवा लिँदै आएको बताए । उनले अनलाइन सफ्टवेयर प्रणाली निकै प्रभावकारी भएको जनाउँदै बीउमात्र नभएर कृषकले उत्पादन गरेका हरेक उपज यसैगरी अनलाइन प्रणालीबाट प्रमाणीकरणको आवश्यकता रहेको औंल्याए । वार्षिक दुई सय ५० मेट्रिक टन विभिन्न बीउ उत्पादन गर्ने उहाँको कम्पनीले देशका विभिन्न जिल्लामा बीउ पठाउँदै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रेशमखेतीबाट विस्थापित हुँदै चितवनका किसान

चितवन/पछिल्लो समय जिल्लाका किसान तरकारीखेतीतर्फ आकर्षित हुन थालेपछि रेशमखेती विस्थापित हुँदै गएको छ । केही वर्ष अघिसम्म जिल्लाको माडी क्षेत्रमा व्यावसायिक रुपमा रेशमखेती हुनेमा अहिले यहाँका किसान उक्त पेसाबाट विस्थापित भएका हुन् ।

किम्बू नर्सरी विकास केन्द्र भण्डारा चितवनकी कार्यालय प्रमुख पूर्णिमा क्षेत्रीका अनुसार माडी क्षेत्रमा पहिला सहकारी र संस्था दर्ता गरेर रेशमखेती गरिने गरिएकामा अहिले किसान यस पेसाबाट पलायन हुँदै तरकारीबालीतर्फ आकर्षित भएका बताए । उनले भने, 'रेशमखेतीका लागि लामो समय लाग्ने र व्यवस्थापन झन्झटिलो हुने भएकाले किसानले पेसा परिवर्तन गरेका हुन् ।'

केन्द्रले अहिले व्यावसायिक रुपमा कोया उत्पादन गर्न छोडेको क्षेत्रीले बताए । कोया उत्पादन गरेर निजी क्षेत्रलाई दिनुपर्ने तथा बजार समस्या हुँदा व्यावसायिक रुपमा उत्पादन गर्न छोडेको उनको भनाइ छ । सुरुमा मकवानपुर र चितवनमा रेशम खेतीको प्रशस्त उत्पादन भए पनि अहिले उत्पादन घट्दै गएको उनले जानकारी दिए । नेपालमा उत्पादित रेशम धागोको बजारीकरण नहुँदा व्यवसायी पलायन भएका प्रमुख क्षेत्रीले बताए । उनले भने, 'बाहिरबाट रेशमको धागो आयात हुन्छ । यहाँको धागोको पहिचान हुँदैन । बजार अभाव हुँदा पेसा नै सङ्कटमा परेको छ ।' बजार व्यवस्थापनमा समस्या हुँदा लामो समयसम्म कुर्नुपर्ने र राम्रो उत्पादन भए पनि बिग्रने हुँदा यसतर्फ किसानको आकर्षण घटेको उनको भनाइ छ ।

जिल्लामा रेशमखेती गर्ने किसान अहिले छिटो आम्दानी हुने नगदेबालीतर्फ आकर्षित भएका क्षेत्रीले जानकारी दिए । उनले भने, 'अहिले केन्द्रमा उत्पादित किम्बूका बिरुवा २० प्रतिशत पनि रेशम खेतीका लागि जान मुस्किल छ ।' उनका अनुसार केन्द्रले यसवर्ष पाँच लाख बिरुवा उत्पादन गरेर छ । अहिले गर्मी बढेकाले चार लाखसम्म बिक्री गर्ने योजनामा केन्द्र रहेको प्रमुख क्षेत्रीले बताए । उनका अनुसार करिब छ हेक्टर क्षेत्रफलमा किम्बू नर्सरी उत्पादन हुँदै आएको छ । यहाँ उत्पादित किम्बूका बिरुवा सिन्धुली, गोरखा, काठमाडौंलगायत जिल्लामा जाने गरेको उनले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा अस्पतालको खाता संचालन बिवाद बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/हेटौंडा अस्पतालको बैंक खाता सञ्चालनको विषय विवादमा परेको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको कृषि विकास बैंक हेटौंडा शाखामा रहेको खाता सञ्चालन गरेपछि विवाद भएको हो ।

यसअघि अस्पताल विकास समितिको खाता अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट र लेखाअधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुँदै आएको थियो । अस्पतालको मेसु परिवर्तन भएपछि प्रतिष्ठानले खाता सञ्चालनका लागि प्रतिष्ठानकै निर्देशक र लेखाअधिकृतमार्फत् खाता सञ्चालन गर्न सुरु गरेसँगै विवाद बढेको हो । हेटौंडा अस्पतालका निमित्त मेसु डा. श्रीधर अर्यालले प्रतिष्ठानको कार्यकारी परिषद्का पदाधिकारी र सदस्यसहित अस्पतालको खाता नियन्त्रणमा लिएको दावी गरेका छन् । डा.अर्यालले प्रतिष्ठानका पदाधिकारीलाई कारवाहीको माग गर्दै मुख्यमन्त्री कार्यालयसहित माथिल्लो निकायमा पत्राचार गरेका छन् ।




प्रतिष्ठानका निर्देशक डा. धीरेन्द्र गिरीले प्रतिष्ठानको ऐनले निर्देशित गरेअनुसार नै अस्पतालको खाता सन्चालन गरेको बताएका छन् । ऐन विपरित कुनै काम नगरिएको र प्रतिष्ठानको ऐनले अस्पताल सन्चालन तथा आर्थिक अधिकार निर्देशकसहित लेखा हेर्ने कर्मचारीलाई तोकेको निर्देशक डा. गिरीले बताए ।

मन्त्रालयको पत्राचारपछि अस्पतालको खाता सञ्चालन गरिएको निर्देशक डा. गिरीले जानकारी दिए । प्रतिष्ठानको कार्यकारी परिषद्को बैठकको निर्णय र रजिष्ट्रारको सिफारिसमा उपकुपतिले आर्थिक अधिकार तोक्ने कानुनी व्यवस्था रहेको छ ।

मन्त्रिपरिषद्को बैठकको निर्णय अनुसार स्वास्थ्य मन्त्रालयले आर्थिक अधिकारका लागि प्रतिष्ठानलाई पत्राचार गरेको बताइएको छ । हालसम्म यो खाताबाट कर्मचारीको एक महिनाको तलबभत्ता खर्च भएको बताइएको छ । कृषि विकास बैंकसँगै प्रतिष्ठानले नेपाल बैंकमा रहेको अस्पतालको फार्मेसीको खाता पनि प्रतिष्ठानमार्फत नै सञ्चालन गर्न सुरु गरेको छ । संघीय सरकार मातहतका चिकित्सक तथा कर्मचारीको तलबी खाता भने राष्ट्रिय वाणिज्य बैंकमा रहेको छ ।

हेटौंडा अस्पतालका निमित्त मेसु डा. अर्यालको संयोजकत्वमा केही दिन अघि बसेको बैठकले हेटौंडा अस्पताललाई संघीय सरकार मातहतमा रहेर संचालन गर्ने ब्यवस्था मिलाउन बागमती प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषद्लाई आग्रह गर्ने निर्णय गरेको थियो । प्रतिष्ठानले शिक्षण सिकाई अभ्यासका लागि हेटौंडा अस्पताल प्रयोग गर्ने तर, हेटौंडा अस्पतालको नामनिशाना मेटिने गरी कब्जा गर्न नदिने मकवानपुरका दलहरुले निर्णय गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पाटी मकवानपुरका संगठन बिभाग प्रमुख बिशालराज महतले बिहीबार एक बिज्ञप्ती निकालेर हेटौंडा अस्पताल जिल्लाबासिको अस्पताल भएकोले नागरिकको स्वास्थको मौलिक हकलाई कार्यान्वयन गर्न सरकारको मातहतको अस्पतालको आवस्यक पर्ने जनाएका छन् । सरकारको नीतिअनुसार चल्ने र नाफामूलक भन्दा पनि सेवामूलक काम गरिरहेको हेटौंडा अस्पताललाई कब्जा गर्न नहुने धारणा राखेका छन् ।

मदन भन्डारी स्वास्थ विज्ञान प्रतिष्ठानले बलमिच्याई गर्नुपर्ने आवश्यकता नभएको महतले बिज्ञप्तीमा उल्लेख गरेका छन् । इतिहास बोकेको हेटौंडा अस्पताललाई कसैको नियन्त्रणमा राख्नुभन्दा पनि सरकारी अस्पतालकै रुपमा राख्नुपर्ने धारणा महतको छ । 'प्रतिष्ठानको मातहतमा हेटौंडा अस्पताल केही समयको लागि चलन दिएर प्रतिष्ठानको मान मर्यादा कायम गर्न सहयोग गरेकोमा प्रतिष्ठानले हेटौंडा अस्पताललाई धन्यवाद दिनुपर्छ' महतले भनेका छन् ।




बजारमा मुला बिक्रीका लागि लैजाने तयारी गर्दै थाहानगरका तरकारी किसान । *तस्बिर साझाकुरा*

# सवारीचालक अनुमतिपत्रको काम राष्ट्रिय परिचयपत्रले गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ट्राफिक प्रहरीले सवारी परीक्षण गर्ने समयमा साउन १ देखि सवारीचालकले सवारी चालक अनुमतिपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र देखाए पनि हुने भएको छ । मन्त्रिपरिषद्को निर्णय अनुसार राष्ट्रिय परिचयपत्रलाई सबै ठाउँमा मान्यता दिने भएको छ । अहिले लाइसेन्सको विवरण राष्ट्रिय परिचयपत्रमा जोड्ने प्राविधिक काम भइरहेको र यो कार्य १/२ दिनमा नै टुङ्गिने छ ।




ड्राइभिङ लाइसेन्सको विवरणलाई राष्ट्रिय परिचयपत्रमा समावेश गरी कार्यान्वयनमा ल्याउने र छुट्टै ड्राइभिङ लाइसेन्स नचाहिने गरी काम भइरहेको यातायात व्यवस्था विभागले जानकारी दिएको हो । राज्यको खर्च कटौती र सवारी चालकलाई सहज हिसाबले अनुमतिपत्र वितरण गर्न यो कार्यको थालनी गरिएको हो । सरकारले आउँदो साउन १ देखि सवारीचालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) नै छाप्ने कार्य रोक्ने भएको छ ।

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालका अनुसार अहिले ५५ लाख व्यक्तिलाई स्मार्ट लाइसेन्स दिनुपर्नेमा नयाँ र नवीकरण समेत गरी २० लाख जतिलाई लाईसेन्स दिन नसकेको अवस्था छ । सवारीचालक अनुमतिपत्रे विषय सहज हुनुपर्छ भनेर राष्ट्रिय परिचयपत्रमा जोडिएको हो । तर, विभागका योजनाअनुसार लाइसेन्सलाई राष्ट्रिय परिचयपत्रमा एकीकृत भयो र पञ्जीकरण विभागले छपाइ गरेर दियो भने पनि सडकमा ट्राफिक प्रहरीले कसरी चेकजाँच गर्ने भन्ने अलमल कायमै रहेको छ ।

स्मार्ट लाइसेन्स वितरण सुरु गर्दा विभागले ट्राफिक प्रहरीलाई रिडेबल मेसिन दिने बताएको थियो । तर, ट्राफिक प्रहरी कार्यालयले अहिलेसम्म स्मार्ट लाइसेन्स रिड गर्ने मेसिन पाएको छैन । सडकमा खटिएका ट्राफिक प्रहरीले स्मार्ट लाइसेन्समा उल्लेख भएको विवरण आँखाले हेरेर चेकजाँच गर्ने गरेका छन् । अब राष्ट्रिय परिचयपत्रमा एकीकृत गर्दा कसरी चेकजाँच गर्ने भन्ने अन्योल कायमै रहेको छ । किनकि राष्ट्रिय परिचयपत्रमा नाम, परिचयपत्र नम्बर, जारी भएको मितिलगायतका विवरणमात्र उल्लेख हुन्छ ।

आगामी आर्थिक वर्ष २०८१/८२ को पहिलो दिन अर्थात १ साउनदेखि लाइसेन्सलाई राष्ट्रिय परिचयपत्रमा एकीकृत गर्ने बताएका यातायात व्यवस्था विभागका महानिर्देशक रिजालका अनुसार पनि ट्राफिक प्रहरीले कुन माध्यमबाट परिचयपत्रको क्यूआर स्क्यान गर्छन् भन्नेमा विभाग अहिलेसम्म निर्णयमा पुगेको छैन । प्राविधिक कार्य भने भइरहेको बताइएको छ ।

# हेटौंडाको सवस्टेसन प्रम प्रचण्डले शुक्रबार उद्घाटन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ हेटौंडा-११ थानाभञ्याङमा निर्माण भएको नेपाल विद्युत् प्राधिकरणको हेटौंडा सवस्टेसनको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्ने भएका छन् ।

हेटौंडामा निर्मित ४००-२२०-१३२-११ केभी सवस्टेसनको प्रधानमन्त्री प्रचण्डले शुक्रबार उद्घाटन गर्ने कार्यक्रम तय भएको बताइएको छ । देशकै ठुलो सवस्टेशनको रुपमा निर्माण भएर नियमित विद्युत् प्रवाहको परीक्षण भइसकेको हेटौंडाको सवस्टेसनले पूर्वपश्चिममा विद्युत प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।



सवस्टेशन निर्माणपछि पूर्वमा इनरुवादेखि पश्चिम बुटवल सम्मको विद्युत वितरण प्रणालीमा गुणस्तर र सुधार आउने अपेक्षा गरिएको छ । सवस्टेशनबाट हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रशारण लाइन र हेटौंडा-भरतपुर-नवलपरासी २२० केभी प्रशारण जोडिने छ ।

हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रशारण लाइनको ढल्केबर-इनरुवा निर्माण कार्य पूरा भएको छ । दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको यस आयोजनाको हेटौंडा-ढल्केबर खण्ड निर्माणाधीन रहेको ४०० केभी सवस्टेसन आयोजनाप्रमुख शुक्रराज देवकोटाले जानकारी दिए ।

उनका अनुसार हेटौंडा-ढल्केबर खण्डअन्तर्गत हेटौंडा उपमहानगरको १५, १६ र १७ मा निर्माण कार्य बाँकी रहेको छ । हेटौंडा-भरतपुर-नवलपरासी २२० केभी प्रशारण लाइनको निर्माण कार्य पूरा भइसकेको छ ।

सवस्टेशनसँगै यसमा जोडिएको प्रशारण लाइन र वितरण लाइनले विद्युतको स्थानीय वितरणदेखि भारत निर्यातसम्ममा स्तरोन्नति गर्ने जनाइएको छ ।

# भानुजयन्तीको दिन हेटौंडा कोरा च्यालेन्ज हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ हिमालयन राइडर्स सोसाइटीको आयोजनामा हेटौंडामा कोरा साइकल २०२४ हुने भएको छ । असार २९ गते शनिबारका दिन हेटौंडा आसपासका धार्मिक क्षेत्रमा साइकलयात्रा गरी कोरा राइड गरिने सोसाइटीले जनाएको छ ।

सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठको अध्यक्षतामा बिहीबार बसेको बैठकले कोरा च्यालेन्ज कार्यक्रम असार २० गते गर्ने निर्णय गरेको हो । हेटौंडा नगरका एक दर्जन भन्दा बढी धार्मिक क्षेत्रलाई परिक्रमा गर्दै करिव २५ किलोमिटर साइकल यात्रा गरिने भएको सोसाइटीका उपाध्यक्ष राजु थापामगरले बताए ।

हेटौंडा-४ हुप्रा खेल मैदानबाट सुरु गरी भुवनेश्वर मन्दिर, कुष्माण्डदेवी मन्दिर हुँदै गोरक्षश्वर, मेनरोडको कृष्ण मन्दिर, जलेश्वर मन्दिर, वनस्खण्डी, मुक्तेश्वर, दक्षिणकाली, रुद्रेश्वर, लक्ष्मीनारायण मन्दिर, कृष्णप्रणामी मन्दिर हुँदैं भुटनदेवी परिसरमा पुगेर समापन गरिने बताइएको छ ।

कोरा च्यालेन्स संसार भर हरेक जुलाई १६ मा आयोजना गरिने विश्वब्यापी कार्यक्रम हो । बिगत केही वर्षदेखि हेटौंडाका साइकल प्रेमीहरुले पनि आयोजना गर्दै आएका छन् । जुलाई १६ अर्थात साउन १ गते मंगलबार परेका कारण तीन दिन अगाबै असार २९ गते शनिबार हेटौंडामा आयोजना गर्न लागिएको सोसाइटीले जनाएको छ ।

# ४२ जिल्ला न्यायाधीश छनोटका लागि भएको लिखित परीक्षामा १२ जना पास

काठमाडौं, ३१ जेठ/ खुला प्रतिस्पर्धाबाट ४२ जना जिल्ला न्यायाधीश छनोटका लागि भएको लिखित परीक्षामा जम्मा १२ जना मात्र उतीर्ण भएका छन् । लोकसेवा आयोगले लिएको लिखित परीक्षामा २०३ जना सहभागी भएकामा १२ जना मात्र उतीर्ण भएका हुन् । न्याय सेवामा कार्यरत कर्मचारीहरुका लागि मात्रै सीमित गरिएको २१ सिटमा ४ जनामात्रै लिखित परीक्षामा पास भएका छन् ।

खुला प्रतिस्पर्धाका लागि १२ सिट छुट्याइएकोमा ७ जना पास भएका छन् । आदिवासी जनजातिका लागि २ जनाको सिट रहेकोमा एकजना पास भएका छन् । महिला, मधेशी, दलित र अपाङ्ग कोटामा कोही पनि पास भएका छैनन् ।

लिखित परीक्षामा उतीर्ण भएकाहरुमा अञ्जनराज सापकोटा, कमलकान्त जोशी, चन्द्रमणि चापागाईं, तिलक कार्की, नारायण सापकोटा, नीतिज राई, बसन्तराज जोशी र मनिराम ज्ञवाली छन् । तोकिएको सिटभन्दा धेरै कम परीक्षार्थी मात्र लिखित परीक्षामा उतीर्ण भएकाले उनीहरु अन्तर्वार्ताबाट पनि छनोट हुने निश्चितजस्तै छ ।

खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुन नसकेका जिल्ला न्यायाधीशका बाँकी पद भने न्यायपरिषदले सरकारी कर्मचारीबाटै पदपूर्ति गर्ने भएको छ । गतवर्ष भदौमा पनि लोकसेवा आयोगले जिल्ला न्यायाधीशको परीक्षा लिएको थियो । त्यतिबेला २९ सिटका लागि भएको परीक्षामा पारसमणि पोखरेल मात्र उतीर्ण भएका थिए ।

पदपूर्ति हुन नसकेका बाँकी सिटमा न्याय सेवाका कर्मचारी वरिष्ठताका आधारमा नियुक्ति भएको थियो । त्यसक्रममा जेष्ठता र बरियताक्रम मिचिएको भनेर न्यायपरिषदका पदाधिकारीहरुको चर्को आलोचना भएको थियो ।

परीक्षामा समेत फेल भएका कर्मचारीहरुलाई न्यायाधीश बनाइएको भनेर त्यतिबेला परिषदका पदाधिकारीहरुको चर्को आलोचना भएको थियो ।

कानुनमन्त्री धनराज गुरुङले आफ्नो निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत तोकिएका सरकारी वकिल रामचन्द्र शर्मालाई वरियताक्रम मिचेर न्यायाधीशमा सिफारिस गरेको भनेर आलोचना भएको थियो ।

जिल्ला न्यायाधीशको प्रतिस्पर्धामा सधैं न्यायसेवाका कर्मचारीहरु अब्बल देखिने गरेका छन् । कानुन व्यवसायीहरुका लागि प्रतिस्पर्धा खुला गरिएपनि यो अवधिमा निकै सीमित संख्याका कानुन व्यवसायीहरु जिल्ला न्यायाधीश बनेका छन् ।

केही साताअघि सम्पन्न कानुन व्यवसायीहरुको राष्ट्रिय सम्मेलनले जिल्ला न्यायाधीशको रिक्त पदमा कानुन व्यवसायीहरुको कोटामा उनीहरु मात्र नियुक्ति गर्ने व्यवस्था गर्न माग गरेको थियो ।

सम्मेलनले जिल्ला न्यायाधीशको परीक्षा प्रणाली सुधार गर्नुपर्ने भन्दै फैसला गर्ने क्षमता, मुद्दामा रहेका विवादित विषयको पहिचान, कानूनको ज्ञान, फैसला लेखन जस्ता विषयमा आधारित परीक्षा प्रणालीको विकास गर्न माग गरेको थियो ।

# नेपालमा ६५ प्रतिशत श्रमिक दैनिक ज्यालादारीमा

काठमाडौं, ३१ जेठ/ नेपालमा ६५ प्रतिशतले मजदुर/श्रमिकले दैनिक ज्यालादारीमा काम गर्ने गरेको पाइएको छ । नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को तथ्यांकीय प्रतिवेदन राष्ट्रिय तथ्यांक कार्यालयले बिहीबार सार्वजनिक गरेको छ । प्रतिवेदनको मुख्य अंश गरिबीको तथ्यांक गत माघमै सार्वजनिक भएको थियो । बिहीबार कार्यालयले शिक्षा, स्वास्थ्य तथा रोजगारीसँग सम्बन्धित विभिन्न तथ्यांक सार्वजनिक गरेको हो ।

सार्वजनिक तथ्यांक अनुसार नेपालमा अझै पनि ६४.९ प्रतिशत श्रमिक वा मजदुरले दैनिक ज्यालादारीमा आफ्नो पारिश्रमिक बुझ्ने गर्छन् । यसो हुनुमा एक त अर्थतन्त्रको ठूलो क्षेत्र अझै पनि अनौपचारिक रहनु र अर्को कृषिमा आधारित फर्म र काम धेरै हुनु मुख्य कारण मानिएको छ । दैनिक ज्यालादारी बाहेक मासिक तलब बुझ्न मजदुर/श्रमिकको हिस्सा २८.७ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । ६.४ प्रतिशतले भने करार सम्झौताका आधारमा पारिश्रमिक बुझ्ने गर्छन् ।

नेपालमा पहिलो पटक २०५२/५३ सालमा नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गरिएको थियो । त्यसयता यो चौथो सर्वेक्षण सम्पन्न भइसकेको छ । जीवनस्तर सर्वेक्षणबाट उपभोग, सेवा सुविधामा पहुँच, आवास तथा आवासीय सुविधा उपभोग, शिक्षा, स्वास्थ्य, रोजगारी, आम्दानी, बचत तथा ऋण, विप्रेषण आप्रवाह, जग्गा स्वामित्व र उपयोगसँग सम्बन्धित तथ्यांकहरू कार्यालयले बहुआयामिक सर्वेक्षण अन्तर्गत सार्वजनिक गरेको हो । सर्वेक्षण अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या २०.२७ प्रतिशत छ ।

**बेरोजगारी दर ४.७ प्रतिशत**

यो सर्वेक्षणले देखाए अनुसार नेपालमा बेरोजगारी दर ४.७ प्रतिशत देखिन्छ । कुल जनसंख्याको ३२.४ प्रतिशत हिस्सा भने कुनै न कुनै रोजगारीमा रहेको देखिन्छ । लेबर फोर्सका रूपमा नरहेको जनसंख्या ६२.९ प्रतिशत छ । श्रमिक वा मजदुरमध्ये दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक हिस्सा ठूलो भए पनि औसत आम्दानी भने धेरै छैन । प्रतिवेदन अनुसार दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकले औसत ५४ हजार ६ सय ३२ रुपैयाँमात्र आम्दानी गरेको देखिन्छ ।

मासिक तलब खाने गरी काम गर्ने श्रमिकले औसत वार्षिक ३ लाख ९० हजार ६ सय ८२ रुपैयाँ आम्दानी गर्ने गरेको पाइएको छ । करार सम्झौतामा काम गर्ने श्रमिकले औसत वार्षिक २ लाख १५ हजार ३ सय ८७ रुपैयाँ आम्दानी गर्ने गरेको तथ्यांकले देखाएको छ ।

**फर्म दर्ता गर्ने प्रवृत्ति भने बढ्दै**

नेपालमा उद्यम गर्नेले कुनै न कुनै निकायमा दर्ता गरी सञ्चालन गर्ने प्रवृत्ति भने बढ्दै गएको पाइएको छ । तथ्यांक अनुसार अहिले ५२.६ प्रतिशत उद्यम दर्ता भएर चलिरहेको पाइएको छ । यसअघिको सर्वेक्षणमा २०.३ प्रतिशत फर्ममात्र दर्ता भएका थिए । दर्ता भएर पनि कम्तीमा १० देखि १२ महिनासम्म सञ्चालनमा आएका उद्यम फर्महरूको संख्या ७८.३ प्रतिशत छ । यसले यस्ता उद्यम निरन्तर चल्न थालेको समेत तथ्यांकले देखाएको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण तथ्यांकले नेपालमा झन्डै ६० लाख गरिबीको रेखामुनि रहेको देखाउँछ । यसमा पनि श्रमिकको आम्दानी कम हुँदा नेपालीको उपभोग समेत अपेक्षित बढ्न सकेको छैन । तर, अघिल्लो सर्वेक्षणको तुलनामा भने नेपालीको जीवनस्तरमा धेरै सुधार भएको देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# बंगलादेशले नेपालको ४० मेगावाट बिजुली किन्ने निश्चित

काठमाडौं, ३१ जेठ/ बंगलादेशले नेपालको बिजुली किन्ने निश्चित भएको छ । बंगलादेश सरकारको मन्त्रिपरिषद् (क्याबिनेट) मातहत सार्वजनिक खरिदसम्बन्धी समितिले मंगलबार नेपालबाट ४० मेगावाट बिजुली प्रतियुनिट ८.१७ टाका (९.२७ रुपैयाँ) मा किन्ने गरी निर्णय गरेको हो ।

बंगलादेशले पाँच वर्षे सम्झौता गरी नेपालबाट बंगलादेश बिजुली लैजान चाहेको छ । नेपालबाट भारत हुँदै बंगलादेश बिजुली निर्यात हुनेछ । नेपालबाट भारतीय भूमि हुँदै बिजुली लैजाँदा भारतलाई शुल्क तिर्नुपर्ने हुन्छ ।

यस्तो शुल्क ०.०५९५ रुपैयाँ हुने बंगलादेशी सञ्चारमाध्यम 'द डेली स्टार' ले लेखेको छ । बंगलादेशले भारतीय कम्पनीहरूबाट किन्दै आएको भन्दा नेपालबाट सस्तो मूल्यमा बिजुली पाउने समेत समाचारमा उल्लेख छ ।

बंगलादेशले नेपालबाट ५ सय मेगावाट विजुली किन्न चाहेको छ । नेपाल भारत ढल्केबर -मुजफ्फरपुर क्रस बोर्डर ट्रान्समिसन लाइन र भारत-बंगलादेश-बरामपुर -भेरमारा क्रस बोर्डर ट्रान्समिसन लाइन हुँदै नेपालको बिजुली बंगलादेश जाने छ । अब नेपाल, भारत र बंगलादेशका नियामकीय निकायबीच त्रिपक्षीय सम्झौता गरी बिजुली निर्यात सुरु हुने बताइएको छ । सम्झौताको मिति भने अझै तय भएको छैन ।

# नेपाल प्रहरीका ७ एसपीको सरुवा

काठमाडौं, ३१ जेठ/ नेपाल प्रहरीका ७ जना प्रहरी उपरीक्षक (एसपी) को सरुवा तथा पदस्थापन भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा काजीबहादुर आचार्य आएका छन् ।

उनी जिप्रका पश्चिम नवलपरासीमा थिए । त्यहाँ मानव बेचविखन अनुसनधान ब्युरो मानव बेचविखन अनुसन्धान शाखामा रहेका एसपी ज्ञानेन्द्रप्रसाद फुयाँललाई पठाएको छ ।

मानव बेचविखन अनुसन्धान शाखामा एकनारायण कोइरालाको सरुवा भएको छ । उनी नेपालप्रहरी विपद् व्यवस्थापन कार्यालय/कार्यपरिचलन शाखामा कार्यरत थिए ।

अपराध अनुसन्धान विद्यालय मानव स्रोत व्यवस्थापन शाखामा रहेका एसपी प्रदीपबहादुर क्षेत्रीको कोशी प्रदेश प्रहरी गण, विराटनगरमा सरुवा भएको छ ।

## एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धी जानकारी

विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्द्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमूना स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको रुपमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको छ ।
विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।

- ☞ विद्यालयमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- ☞ विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- ☞ विद्यालयमा पत्रु खाना (Junk Food) निरुत्साहित गर्ने,
- ☞ यौन तथा प्रजनन्, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने,
- ☞ विद्यालय नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- ☞ विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने,
- ☞ सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- ☞ विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना